नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
✆ 9808835198
✆ 9802592799
✆ 9803474311
✆ 9854028218

## चलचित्र विधेयकमा संशोधन आवश्यकः मन्त्री

समाचार पृष्ठ ५ मा



● वर्ष ४ ● अंक ११ ● २०८२ साल मंसिर ०४ गते बिहीबार ● Thursday 20, November 2025 ● सूर्योदय: बिहान ०६:२८ बजे ● सूर्यास्त: साँझ ५:१३ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# सिमरा सन्देशः यही अवस्थामा चुनाव हुन्छ त ?



**मधेशदृष्टि**
**वीरगंज ।**

बुधबार स्थानीय प्रशासनले लगाएको कफ्र्यू आदेश उल्लङ्घन गर्दै युवाहरूले बाराको सिमरामा प्रदर्शन गरेका छन् । नेकपा एमालेका नेता–कार्यकर्ता र जेन्जी युवाबीचको तनावपछि उत्पन्न हुनसक्ने जोखिम मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालय बाराले कफ्र्यू आदेश जारी गरेको थियो । तर, सिमराको मुख्य बजार क्षेत्रमै ठूलो संख्यामा उपस्थित भएर युवाहरूले नाराबाजीसहित प्रदर्शन गरिरहेपछि बुधबार सिमरा तनावग्रस्त बन्यो ।

सुरक्षाकर्मीहरूले माइकिङ गर्दै युवालाई आआफ्ना घर फर्कन भनेका थिए । स्थानीय प्रशासनले गण्डक नहरदेखि पथलैया सडकखण्डको दायाँ–बायाँ ५ सय मिटर र सिमरा विमानस्थलको वरिपरि ५ सय मिटरसम्म बुधबार दिउँसो १२ः३० बजेदेखि राति ८ बजेसम्म कुनै पनि प्रकारको भेला, जुलश, प्रदर्शन, सभा, बैठक, घेराउलगायतका कार्यक्रम गर्न प्रतिबन्ध लगाएको थियो । बुधबार बिहानै बाराको मुख्य बजार क्षेत्रमा एमाले कार्यकर्ताले जेन्जी अगुवा सम्राट उपाध्ययमाथि हातपात गरेपछि शुरु भएको झडपले विमानस्थल क्षेत्र तनावग्रस्त बनेको हो । एमालेले बाराको परवानीपुरमा बुधबार मधेश प्रदेशस्तरीय युवा भेला गरेको थियो । त्यसलाई सम्बोधन गर्न काठमाडौँबाट एमाले महासचिव शंकर पोखरेल, पोलिट्ब्युरो सदस्य महेश बस्नेतलगायतका नेता सिमरा आउँदै थिए । कार्यक्रमलाई लक्षित गर्दै जेन्जी अगुवा उपाध्यायले मंगलबार बेलुकी सामाजिक सञ्जालमार्फत् एमालेको कार्यक्रम असफल पार्ने गरी शान्तिपूर्ण विरोध प्रदर्शन आह्वान गरेका थिए । सोही विषयलाई लिएर बुधबार बिहान सिमरा चोकमा एमाले नेता–कार्यकर्ताले उपाध्यायमाथि हातपात गरेका थिए ।

त्यसपछि आक्रोशित युवाहरूले एमाले नेतालाई पछ्याउँदै विमानस्थल पुगेपछि तनावको अवस्था उत्पन्न भएको थियो । काठमाडौँबाट आउन लागेका एमाले महासचिव पोखरेल, पोलिट्ब्युरो सदस्य बस्नेतलगायतलाई स्वागत गर्न बाराका एमाले नेता तथा पूर्वसांसदहरू अच्युत मैनाली, किसान श्रेष्ठ, ज्वाला साहलगायत विमानस्थल पुगेका थिए । नेताहरू विमानस्थल भित्र पसेका बेला जेन्जी युवाले विमानस्थलको मुख्यगेट ढालिदिएका थिए । उनीहरूले विमानस्थलभित्र ढुंगा तथा सिसाका बोतल प्रहार गर्दै निरन्तर नाराबाजी गरेपछि प्रहरीले अश्रुग्यास र लाठीचार्ज गरेको थियो । त्यसक्रममा प्रहरी र जेन्जी युवाबीच झडप भएको थियो ।

यसअघि बाराको जीतपुरसिमरा उपमहानगरपालिकामा बुधबार बिहान जेन्जी युवा र एमाले कार्यकर्ताबीच धक्कामुक्की भएको थियो । उपमहानगरपालिका–२ स्थित सिमरा चोकमा बिहान जेन्जी युवा र एमाले कार्यकर्ताबीच विवाद भएको हो । नेकपा एमाले युवा समूह र जेन्जीबीच अचानक झडप भएपछि परिस्थिति नियन्त्रणमा लिन ठूलो संख्यामा प्रहरी परिचालन गरिएको थियो ।

बिहान करिब साढे १० बजेतिर एमाले महासचिव शंकर पोखरेल र नेता महेश बस्नेत बुद्ध एयरमार्फत सिमरा आइपुग्ने जानकारी सार्वजनिक भएपछि जेन्जी समूहले विरोधस्वरूप प्रदर्शन शुरु गरेको थियो । सोहीक्रममा दुवै पक्ष आमनेसामने आएपछि झडप चर्किएको जनाइएको छ । झडपक्रममा एमाले पक्षले तयार गरेको स्वागत द्वार जेन्जी समूहले च्यातेर भत्काएको स्थानीयले बताए । यता सिमरामा नेकपा एमालेका महासचिव शंकर पोखरेल र नेता महेश बस्नेत चढेको जहाज अवतरण गर्न नदिने भन्दै युवाले प्रदर्शन थालेपछि काठमाडौँबाट उड्न लागेको जहाज रोकिएको थियो ।

यसैबीच, पर्सामा पनि नेकपा एमालेका कार्यकर्ताले जेन्जी सदस्यमाथि हातपात गरेको घटनाको विरोधमा जेन्जी युवाले सडकमा टायर बालेर विरोध प्रदर्शन गरे । प्रदर्शनमा सहभागी युवाहरूले घटनाविरुद्ध आक्रोश व्यक्त गर्दै सरकार र स्थानीय प्रशासनलाई तत्काल कडा कदम चाल्न माग गरेका छन् ।

जेन्जी बारा समितिले नेकपा एमालेको कार्यक्रममा आफूहरूले कुनै अवरोध नगरेको दाबी गर्दै सिमरा चोकमा भएका झडपका घटनाबारे स्पष्टीकरण दिएको छ । समितिका अनुसार सिमरा चोकमै जेन्जीको निर्धारित कार्यक्रममा एमालेद्वारा परिचालित गुन्डा समूह प्रवेश गरी बारा संयोजक सम्राट उपाध्यायसहितका कार्यकर्तामाथि कुटपिट गरेको बताइएको छ । जेन्जीको भनाइमा एमालेको औपचारिक कार्यक्रम परवानीपुरमा भए पनि एमालेसम्बद्ध समूह सिमरामै आएर अपमानजनक व्यवहार, दुव्र्यवहार र कुटपिटमा उत्रिएको आरोप छ । मधेश प्रदेश संयोजक शिव यादवले घटनामा संलग्न व्यक्तिहरूलाई तत्काल पक्राउ गरी कानूनी कारबाही गर्न माग गरेका छन् । साथै, घटनाका मुख्य योजनाकार भनिएका महेश बस्नेतलाई मधेश निषेधको व्यवस्था मिलाउन सरकारसँग आग्रह गरेका छन् । यादवका अनुसार एमालेले पछिल्लो समय मधेशमा लगातार तनावपूर्ण गतिविधि गर्दै आएको र यसले क्षेत्रको शान्तिसुरक्षामा असर पारेको छ । उनले राज्य तथा सुरक्षा संयन्त्रलाई संवेदनशीलता अपनाउँदै कडा कदम चाल्न अनुरोध गरेका छन् ।

### रास्वपाद्वारा सरकारको ध्यानाकर्षण

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सिमरामा भएको घटनाप्रति ध्यानाकर्षण भएको बताएको छ । केन्द्रीय कार्यालय बनस्थलीमा केन्द्रीय समितिको जारी बैठकले बुधबार सिमरामा भएको घटना संवेदनशील भएको निष्कर्ष निकाल्दै सरकारको ध्यानाकर्षण गराएको हो । रास्वपाले निर्वाचनको माहोल बनाउन राजनीतिक दलले सार्वजनिक कार्यक्रम आयोजना गर्न पाउनुपर्छ र सरकारले आवश्यक सुरक्षा उपलब्ध गराउनुपर्नेमा जोड दिएको छ । यसमा रास्वपाको गम्भीर सरोकार र सरकारको आवश्यक ध्यानाकर्षण गराएको हो ।

### सिमराको स्थिति सामान्य हुँदैः गृह

गृह मन्त्रालयले बुधबार बाराको सिमरामा भएको घटनाप्रति सरकारको गम्भीर ध्यानाकर्षण भएको जनाउँदै स्थिति सामान्य बन्दै गएको जनाएको छ । साँझ विज्ञप्ति जारी गर्दै मन्त्रालयले घटनाबाट सिर्जित अवस्थालाई नियन्त्रणमा लिइ स्थिति सामान्य बनाउँदै शान्तिसुरक्षा कायम गर्न स्थानीय प्रशासनले आवश्यक पहल गरिरहेको र स्थिति सामान्य हुँदै गएको जनाएको हो ।

मन्त्रालयका सहायक प्रवक्ता रवीन्द्र आचार्यद्वारा जारी विज्ञप्तिमा वर्तमान सरकार मुलुकमा शान्ति व्यवस्था र अमनचयन कायम गरी तोकिएको समयमै निर्वाचन सम्पन्न गराउन प्रतिबद्ध रहेको स्पष्ट पारिएको छ । 'मुलुकमा शान्तिसुरक्षा कायम राख्दै निर्धारित मितिमा निर्वाचन सम्पन्न गर्न सबैको आपसी संवाद, समन्वय र सहयोग अपरिहार्य रहेको छ । यसका लागि सबै पक्षले आआफ्नो कार्यक्रम सञ्चालन गर्दा स्थानीय प्रशासनसँग समन्वयमा शान्तिपूर्वक तरिकाले व्यवस्थित र मर्यादापूर्वक सञ्चालन गर्नु गराउनु वाञ्छनीय रहन्छ,' विज्ञप्तिमा उल्लेख छ ।

### जेन्जी पुस्ताको भावना विपरीत

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले निषेधको राजनीति नगर्न आग्रह गरेका छन् । नेकपा एमालेका नेताहरूलाई बारामा निषेध गरिएको घटनातर्फ इंगित गर्दै उनले बुधबार यस्तो आग्रह गरेका हुन् । महामन्त्री शर्माले सिमरा घटना जेन्जी पुस्ताको भावना नभएर दुरुपयोग भएको पनि बताएका छन् ।

'सामाजिक सञ्जाल निषेधविरुद्ध उभिने जेन्जी कसैको 'समाज भ्रमण अधिकार' विरुद्ध उभिन सक्दैनन्,' शर्माले एक्समा पोस्ट गरेका छन्, 'अतः सिमरा घटना जेन्जी भावना होइन, त्यसको दुरुपयोग हो । निषेधको राजनीति कसैले नगरौँ ।' महामन्त्री शर्माले भ्रमणको वातावरण नबनाएसम्म चुनाव नहुने भन्दै प्रधानमन्त्री सुशीला कार्कीको ध्यानाकर्षण गराएका छन् ।

# मधेश प्रदेश सभाका सभामुख मण्डल पदमुक्त





**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**

मधेश प्रदेश सभाका सभामुख रामचन्द्र मण्डल पदीयअनुकलको आचरण नगरेको भन्दै सात राजनीतिक दलले दर्ता गराएको प्रस्ताव पारित भएको छ । प्रस्ताव पारित भएसँगै बुधबारबाट सभामुख मण्डल पदमुक्त भएका छन् ।

प्रस्तावको पक्षमा ७६ मत परेको थियो भने विपक्षमा शून्य मत परेको थियो । बुधबारको बैठकमा ७८ प्रदेश सभा सदस्य उपस्थिति थिए । दुई तिहाई भन्दा बढी मत परेको र दुई तिहाईबाट पारित भएको उपभामुख बबिता राउत ईशरले घोषणा गरिन् । प्रस्ताव पारित भएपछि सभामुख मण्डल स्वतः पदमुक्त भएको घोषणा उनले गरिन् । नेकपा एमालेसहित सत्ताधारी दलहरु बैठकमा उपस्थित भएनन् । बैठकको प्रारम्भमा नेकपा एमालेकी प्रदेश सभा सदस्य शारदा थापा उपस्थित भएर बैठक सञ्चालन भएपछि सरकार पक्षबिना बैठक सञ्चालन भएको भन्दै नियमापत्ति जनाइन् । त्यसपछि बैठक १० मिनेटका लागि स्थगित भएको थियो । फेरि बैठक शुरु भएपछि थापा उठेर हिँडिन् ।

प्रस्तावमा प्रस्तावक नेपाली कांग्रेस थियो भने अन्य सबै सातदलले समर्थन जनाएका थिए । प्रस्तावको समर्थन गर्ने अधिकांश प्रदेश सभा सदस्यहरुले सभामुखको चर्को आलोचना गरेका थिए । सभामुखले पदीय आचरण नगरको भन्दै नेपाली कांग्रेस, जसपा नेपाल, माओवादी केन्द्र, लोसपा नेपाल, नेकपा एकीकृत समाजवादी पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टीले प्रस्ताव दर्ता गराएका थिए ।

बैठकमा जनमत पार्टीबाट विभाजित भएर बनेको जनस्वराज पार्टीमा सनाखत गरेका मधेश प्रदेशका पूर्वमुख्यमन्त्री सतिश कुमार सिंह र पूर्वमन्त्री त्रिभुवन साहसमेत सहभागी थिए । सर्वोच्च अदालतले पार्टी विभाजनलाई मान्यता नदिएपछि पहिलोपटक उनी जनमत पार्टी बस्ने रोहमा गएर बसेका थिए । यसअघि प्रदेशसभा सदस्यको पहिलो कार्यकालमा पनि मण्डलले पद गुमाएका थिए । पहिलो कार्यकालमा उनी माओवादी केन्द्रबाट निर्वाचित भएका थिए । वाम एकता भएर नेकपा बनेका थिए ।

त्यसपछि वाम एकता टुक्रिएपछि उनी माओवादीमा नफर्किएर एमालेमा गएका कारण साढे तीन वर्षमा पदमुक्त भएका थिए । लोसपाका सांसद उपेन्द्र महतोले सभामुखले प्रदेशसभालाई आतंकित गरेर राखेको आरोप लगाए ।

कर्मचारीमाथि कुटपिट गरेको र प्रदेशसभा सदस्यको पनि उनीसँग गुण नरहेको सांसद महतोको आरोप थियो । उनले सभामुखमाथि मुख्यमन्त्रीलाई रोस्ट्रम प्रयोग गर्न नदिएको र कार्यसूचीलाई उछिनेर सांसदलाई बोल्न दिएको आरोप लगाए ।

कात्तिक २७ गते सभामुखमाथि सात दलका ६४ प्रदेशसभा सदस्यले प्रस्ताव दर्ता गराएका थिए । त्यसदिन सभामुखसँग प्रदेशसभा सदस्यहरूको विवाद भएको थियो । त्यसपछि सभामुख मण्डलले नागरिक उन्मुक्तिकी सांसद उर्मिला देवी सिंह, जसपाका मनिष सुमन, सिंहासन सा कलवार, सञ्जयकुमार यादव र शारदा शंकर प्रसाद कलवारलाई लगातार १० वटा बैठकमा अनुपस्थित रहेको भन्दै पदमुक्त गरेका थिए ।

# सशस्त्र प्रहरीद्वारा ३९ लाखभन्दा बढीको सामान बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**

सशस्त्र प्रहरी बल नेपाल पर्साले एकैदिन विभिन्न स्थानमा सञ्चालन गरेको चेकजाँच तथा कारबाहीक्रममा करिब ३९ लाख रुपैयाँ भन्दा बढी मूल्यका कपडा, इलेक्ट्रोनिक सामान, मोटरसाइकल, पार्टस तथा नगद बरामद गरी भन्सार कार्यालय पर्सामा बुझाएको छ ।



सशस्त्र प्रहरीले अलौबाट ना४च ६९३५ नम्बरको पिकअप गाडीमा झौवाबाट वीरगंजतर्फ ल्याइँदै गरेको कपडा बरामद गरेको हो । गाडीसहित भन्सारमा बुझाउँदा सामान तथा गाडीको मूल्य २७ लाख १३ हजार ९ सय ४० रुपैयाँ कायम गरिएको सशस्त्र प्रहरीले जनाएको छ ।

यस्तै गुल्मले २ लाख २२ हजार १ सय रुपैयाँ बराबरको मोटरसाइकल र पार्टस पनि नियन्त्रणमा लिएर वीरगंज भन्सार बुझाएको छ । त्यसैगरी, सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण हेडक्वार्टर पर्साबाट खटिएको टोलीले वीरगंज–२२, जगरनाथपुरमा भारतबाट भन्सार छली अबैध रूपमा टाउकोमा बोकी ल्याइँदै गरेको २ लाख ५४ हजार ६ सय रुपैयाँबराबरको कपडा तथा इलेक्ट्रोनिक्स सामान बरामद गरी भन्सारमा बुझाएको छ ।

भन्सार मेनगेट क्षेत्रमा विशेष सूचनाका आधारमा गरिएको चेकजाँचका क्रममा भारतीय मोटरसाइकलका चालक आनन्द कुमारलाई रोक्दा उनले लगाएको हेल्मेटभित्र ३ लाख रुपैयाँ नेपाली नगद लुकाइ राखेको फेला परेपछि नगद र मोटरसाइकल १ लाख ५० हजार रुपैयाँसहित उनलाई आवश्यक कारबाहीका लागि भन्सार बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

यस्तै, बिओपि अमरपट्टीबाट खटिएको टोलीले विन्दवासिनी–३ छठियाघाट क्षेत्रमा भारतबाट अबैध रूपमा ल्याइँदै गरिएको ५ हजार ४ सय वटा (५४ कार्टुन) ब्रोइलर कुखुराका चल्ला बरामद गरी आवश्यक प्रक्रिया पूरा गरी नष्ट गरेको जनाएको छ ।

# जुटखेती मासेर धानखेतीमा किसान



**विराटनगर।**
पूर्वी नेपालका मोरङ, सुनसरी र झापाका किसान जुटखेती मासेर धानखेतीमा लागेका छन्।

जुट उत्पादन गर्ने किसानको बजार सुनिश्चित हुन नसक्दा उनीहरुले जुटखेती लगाउन छाडेका हुन् । जुटखेती उत्पादन घटेसँगै कच्चापदार्थको अभावमा स्थानीय जुट उद्योग बन्द हुन थालेका छन् । जुट प्रशोधनका लागि आवश्यक पानीका नाला तथा घोल लोप हुँदै गएको र प्लाष्टिकजन्य उत्पादनले बजार लिएको स्थानीय किसान बताउँछन् । भारत तथा बङ्गलादेशबाट उत्पादित जुटका कारण प्रतिस्पर्धा गर्न कठिन भएपछि जुटखेती फस्टाउन नसकेको उनीहरुको भनाइ छ।

सुनसरीस्थित जुट अनुसन्धान कार्यालयका अनुसार यस वर्ष देशभरिमा कूल ११ हजार हेक्टर जग्गामा जुटखेती भएको छ । जुटखेतीतर्फ आकर्षण घटेपछि उत्पादन घटेको र मूल्य भने बढेको छ। मोरङमा सात हजार, सुनसरी र झापामा दुई हजारका दरले चार हजार गरी जम्मा ११ हजार हेक्टर जमिनमा जुटखेती हुने गरेको सो कार्यालयले जनाएको छ।

यसैगरी, पश्चिम नेपालको कैलाली र बर्दियामा करिब २०० हेक्टरमा जुटखेती हुने गरेको तथ्याङ्क छ। प्रतिहेक्टर एक मेट्रिकटनदेखि डेढ मेट्रिकटन उत्पादन हुने जुट यसपटक घटेको कार्यालयका प्रमुख सन्तोष त्रिपाठीले जानकारी दिए। पूर्वी तराईका तीन जिल्लामा प्रशस्तमात्रामा जुटखेती हुने गरेकामा पछिल्ला वर्षमा क्रमशः घट्दै गएको छ।

कार्यालय प्रमुख त्रिपाठीका अनुसार अनुसन्धान कार्यालय परिसरमा १० हेक्टर जग्गामा जुटको बीउ उत्पादन हुने गरेको छ । इटहरी उपमहानगरपालिकाको– १, २ र ४ मा उन्नत जातका बीउ उत्पादन गरी परीक्षणसमेत भइसकेको र अब वडा नं ६ र ८ मा पनि बीउ उत्पादन गर्ने लक्ष्यका साथ तयारी अघि बढेको छ।

नेपालमा केही वर्षअघिसम्म साना–ठूला गरी ११ वटा जुट उद्योग सञ्चालनमा थिए। हाल छ वटा मात्र सञ्चालनमा छन्। जसमध्ये सुनसरीको अरिहन्त फाइवर मल्टिपल उद्योग सबैभन्दा ठूलो उद्योग हो । जुटमिलका लागि विराटनगर क्षेत्र प्रसिद्ध रहे पनि अहिले जुटखेतीमा आएको ह्रास र किसानको रोजाइमा नपरेपछि जुट उद्योगका मजदुरको रोजगारी घट्न थालेको छ । जुटको बोरा, कार्पेट, लुगा र झोलाजस्ता सामान उत्पादन हुने गर्छ।

जुट उद्योग सङ्गठन मोरङका अनुसार दैनिक प्रयोगमा आउने कार्पेट, बोराका लागि आवश्यक कच्चापदार्थको अभावमा उद्योग धरासायी बन्दै गएको हो। नेपालमा उत्पादित जुटले नेपालमा रहेका उद्योगका लागि १० प्रतिशत मात्र कच्चापदार्थ पुग्छ भने बाँकी जुट बङ्गलादेश र भारतबाट आयात गर्नुपर्ने बाध्यता छ। यस वर्ष जुटको मूल्य वृद्धि भई ४० केजीको पाँच हजार रुपैयाँ पुगेको छ।

पर्यावरणमैत्री, जुटको पातबाट खेतलाई पर्याप्त प्राङ्गारिक मल उत्पादन हुने र जुट प्रशोधनका क्रममा निस्कने डाँठ (सन्ठी) दाउराका लागि काम लाग्ने भएकाले यसतर्फ किसानलाई राज्यले आकर्षित गर्न प्रोत्साहनका कार्यक्रम ल्याउनुपर्ने सुनसरीको गढी गाउँपालिका–२ जमुवाका शिक्षक पर्शुराम चौधरी बताउछन।रासस

# निषेधित क्षेत्रमा विदेशी पर्यटक जान पाउने व्यवस्था माग

**काठमाडौँ।**
पर्वतीय पदयात्रा व्यवसायीहरूको छाता संस्था ट्रेकिङ एजेन्सिज् एसोसिएसन अफ नेपाल (टान)ले निषेधित क्षेत्रको पदयात्रामा एक जना मात्र विदेशी पर्यटक जान पाउने व्यवस्था गर्न माग गरेको छ।

टानका महासचिव सोनाम ग्याल्जेन शेर्पाले आज एक विज्ञप्ति जारी गरी निषेधित क्षेत्रको पदयात्राका लागि कम्तीमा दुई जनाको समूहमा मात्र विदेशी पर्यटक जान पाउने हालको व्यवस्थालाई परिवर्तन गरी एक जना मात्र जाने व्यवस्था गर्न सरकारलाई आग्रह गरे।

टानले सङ्घीय सरकारको मङ्गलबारको मन्त्रिपरिषद्को निर्णयबमोजिम अध्यागमन नियमावली, २०५१ को अनुसूची १२ मा हेरफेर गरी माथिल्लो मुस्ताङ क्षेत्रमा पदयात्रा गर्न जाने विदेशी नागरिकका लागि पदयात्रा अनुमति दस्तुर प्रतिव्यक्ति ५० अमेरिकी डलर कायम गरेकोप्रति सरकारलाई धन्यवादसमेत दिएको छ।

टानका अध्यक्ष सागर पाण्डेले सडक सञ्जालको निर्णयका कारण निषेधित क्षेत्रमा गरिने पदयात्राको अवधि छोट्टिएका कारण पर्यटकले निषेधित क्षेत्रमा बिताउने वास्तविक दिनका आधारमा पदयात्रा अनुमति दस्तुर लिने व्यवस्था टानले लामो समयदेखि उठाउँदै आएको जानकारी दिए।

माथिल्लो मुस्ताङजस्तै माथिल्लो डोल्पा क्षेत्रको पदयात्रामा जाने पर्यटकलाई पनि पदयात्रा अनुमतिपत्र लिनुपर्ने हालको नियमलाई परिमार्जन गरी पर्यटकको वास्तविक बसाइँ अवधिका आधारमा शुल्क लिने व्यवस्था मिलाउन उनले सरकारसँग आग्रह गरे।रासस

# नेप्से परिसूचक सामान्य अङ्कले घट्यो

**काठमाडौँ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको गिरावट देखिएको छ । बुधवार नेप्से परिसूचक चार दशमलव ९८ प्रतिशतले घटेर दुई हजार ५ सय ६१ दशमलव शून्य आठको बिन्दुमा कायम भएको हो।

आज ३३८ कम्पनीको ८३ लाख ८८ हजार ३ सय ७३ कित्ता शेयर ५० हजार ६ सय २६ पटक खरिदबिक्री हुँदा तीन अर्ब ७७ करोड ८६ लाख ३२ हजार ७ सय ७१ रुपैयाँ बराबरको कारोबार भएको छ। कारोबारमा होटल तथा पर्यटन, उत्पादन तथा प्रसोधन, सामूहिक लगानी र व्यापार समूहबाहेक सबै समूहको उपसूचक घटेका छन्।

आजको कारोबारमा माबिलुङ्ग इनर्जी लिमिटेड, दरमखोला हाइड्रोइनर्जी लिमिटेड, सागर डिस्टिलरी लिमिटेड, हिमस्टार उर्जा कम्पनी लिमिटेड, बुँगल हाइड्रो लिमिटेड, सान्भी इनर्जी लिमिटेड, झापा इनर्जी लिमिटेड र बन्दीपुर केबलकार एण्ड टुरिजम लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ।

सबैभन्दा बढी गुमाउनेमा कर्पोरेट डेभलपमेन्ट बैंकको शेयर रहेको छ।

कारोकार रकमको आधारमा आज वरुण हाइड्रोपावरको सबैभन्दा बढी २७ करोड ४० लाख ४४ हजार ४ सय २१ रुपैयाँ बराबरको करोबार भएको छ।रासस

# तीन अर्ब २२ करोडभन्दा बढी राजस्व सङ्कलन

**काठमाडौँ।**
काठमाडौँ महानगरपालिकाले चालु आर्थिक वर्षको कात्तिक मसान्तसम्ममा तीन अर्ब २२ करोड ४१ लाख २५ हजार १ सय ४९ रुपैयाँ राजस्व सङ्कलन गरेको छ। सोही अवधिमा गत आवमा तीन अर्ब १६ करोड ७६ लाख १४ हजार ६ सय ५७ रुपैयाँ सङ्कलन भएको थियो।



गत वर्ष १२ अर्ब ९० करोड ६३ लाख २५ हजार रुपैयाँ लक्ष्य निर्धारण गरिएको जनाउँदै कामपा राजस्व विभागका प्रमुख दीपक अधिकारीले चालु आवका लागि १५ अर्ब ११ करोड ४३ लाख ४१ हजार रुपैयाँ लक्ष्य राखिएको बताए।

चालु आवको हालसम्म आन्तरिक करतर्फ एक अर्ब ९६ करोड ८१ लाख ७५ हजार ७ सय रुपैयाँ सङ्कलन भएको छ। गत आवको यस अवधिमा एक अर्ब ९९ करोड दुई लाख ६७ हजार ६ सय ९५ रुपैयाँ राजस्व सङ्कलन भएको थियो।

चालु आवमा आन्तरिक राजस्व घट्नुको कारण सम्पत्ति कर रहेको अधिकारीको भनाइ छ । उनका अनुसार गत आवको पहिलो चौमासिक अवधिमा ५० करोड ३१ लाख तीन हजार ७ सय ३८ रुपैयाँ सङ्कलन भएको सम्पत्ति कर चालु आवको सोही अवधिमा ४२ करोड ७६ लाख ५४ हजार २ सय ७६ रुपैयाँ सङ्कलन भएको छ।

अधिकारीले भने, 'गत वर्ष सम्पत्ति कर सम्बन्धित मालपोत कार्यालयले तोकेको दरमा लिने भन्ने निर्णय गरियो। यस विषयमा करदाताबाट गुनासो आएपछि २०८१ असोजमा बसेको कार्यपालिका बैठकले पुरानै दरमा सम्पत्ति कर लिने निर्णय गरेपछि समायोजन गर्दा यस वर्ष सम्पत्ति कर घटेको हो।' यसवर्ष वहाल कर असुली बढेको बताउँदै उहाँले गत वर्ष यस अवधिमा ९४ करोड ८५ लाख २८ हजार १ सय ५४ रुपैयाँ सङ्कलन भएकामा यस वर्ष एक अर्ब दुई करोड ९२ लाख ९७ हजार ५ सय ७० रुपैयाँ सङ्कलन भएको जानकारी दिए। गत वर्षको यस अवधिमा २२ करोड ८७ लाख आठ हजार ७ सय ८ रुपैयाँ व्यवसाय कर सङ्कलन भएकामा चालु आवको हालसम्म २३ करोड ३२ लाख ३६ हजार १ सय ७० रुपैयाँ असुली भएको छ।रासस

# विस्थापित हुँदै आरन व्यवसायी

**कैलाली ।**
धनगढी उपमहानगरपालिका–२ छ लेन सडक छेउमा बसोबास गर्दै आएका धर्मवीर ठाकुरले लामो समयदेखि आरन व्यवसाय गर्दै आएका छन । उनका बुबा पनि आरनकै काम गथर्ने । उनका बुवाले व्यवसाय शुरु गरेको थियो । सानै हुँदा बुबासँगै आरनमा खेल्दाखेल्दै उनले आरनको काम सिके । बुबाले शुरु गरे उक्त पेसालाई ठाकुरले निरन्तरता दिँदै आएका छन । अहिले आरन व्यवसायमा १० लाख रुपैयाँ जति लगानी गरेका छन् ।

रौतहटको गौरमा स्थायी घर भएका ठाकुर करिब ३० वर्षदेखि धनगढीमा आरन चलाएरै जीविकोपार्जन गर्दै आएका छन । उनको परिवारमा श्रीमान्, श्रीमती पाँच छोराछोरी गरी सात जनाको परिवार छ । एक जना रोजगारीसमेत दिएका छन । लामो समयदेखि अँगालेको सोही पेसाले उनले अहिले सात जनाको जहान लालनपालन गरिहेका छन । छोराछोरी साना छन् । घरका सबै परिवार उनि एक जनाको कमाईमा पूर्णनिर्भर छन । 'छोराछोरीको शिक्षादीक्षा, घरखर्चलगागत सम्पूर्ण खर्च आरन पेसाको कमाइ नै धानेको छु,' उनले भने ।

कृषि प्रणालीमा भएको आधुनिकीकरणसँगै पछिल्लो समय व्यवसायको स्तर खस्कन थालेको उनले बताए । अहिले बजारमा आधुनिक कृषि औजार आइसकेका छन् । जुन औजारको प्रयोगले छिटो र छरितो तरिकाले खेतीपाती गर्न सकिन्छ । पहिले खेत जोत्नको लागि हलोको प्रयोग गरिन्थ्यो तर हिजोआज प्राय ट्र्याक्टर, चम्पा ट्र्याक्टरद्वारा खेतीपाती गर्ने गरिएको छ ।

त्यस्तै हातले फलाम पिटेर बनाइएका सामानभन्दा मेसिनले बनाइएका कृषि औजार देखिनमा आकर्षण, चिल्ला पनि हुने भएकाले परम्परागत तरिकाले बनाइएका औजारको बिक्री दर घटेको छ ।

त्यस्तै धान, गहुँलगायतका अन्नबाली काट्न पनि पहिले हँसिया प्रयोग गर्ने गरिन्थ्यो तर हिजोआज आधुनिक कृषि औजार प्रयोग गर्ने गरिन्छ । केही किसानहरुले मात्र हँसिया प्रयोग गर्ने गरेका छन् । मानिसले छिटो र सजिलोका लागि पनि आधुनिक कृषि औजार प्रयोग गर्ने गरेको व्यवसायी ठाकुरको भनाइ छ ।

व्यवसायी ठाकुरले पहिले मासिक ७० हजार रुपैयाँ बराबरको कारोबार हुने गरेको र त्यसमा ४० हजार रुपैयाँ बचत हुने गरेको बताए । तर अहिले मासिक ४० हजार रुपैयाँको कारोबार हुने गरेको छ । त्यसमा २० हजार रुपैयाँ जति बचत हुने गरको उनले बताए । पहिलेभन्दा आरनको व्यापार खस्कदो अवस्थामा रहेको उनले बताए ।

व्यापारको अवस्था दयनीय हुँदै गइरहेकाले धनगढीमा कतिपय आरन व्यवसायी विस्थापित समेत भईसकेको उनले बताए । 'सुदूरपश्चिर प्रदेशकै व्यापारीक केन्द्रका रुपमा रहेको धनगढी बजार आसपासका क्षेत्रमा पहिले २० जनाभन्दा बढी आरनका व्यवसायीले यो पेसा अँगाल्दै आएका थिए भने अहिले छ जना व्यवसायीले मुस्किलले यो पेसा गर्दै आएका छन,' उनले भने । आरनको व्यवसायको अवस्था खस्कँदै गएपछि धेरै आरन व्यवसायी विस्तापित भएको उनले बताए ।

पहिलेको तुलनामा अहिले व्यापार कम हुँदै गएकाले घर भाँडा उठाउँन र परिवार पाल्न समेत धौधौ पर्न थालेको उनले बताए । जीविकोपार्जनका लागि अन्य विकल्प खोज्नुपर्नेसमेत बाध्यता रहेको उनको भनाइ छ ।

ठाकुरले हँसिया, कुटो, कोदालो, हलोको फालीलगायतका कृषि औजार बनाएर बिक्री गर्ने गरेको बताए । उनलाई आरन व्यवसाय गर्दै आएको तीन दशकभन्दा बढी भइसकेको छ । उनमा आरनमा विभिन्न कृषि औजार बनाउने राम्रो सीप छ ।

यतिसम्म की उनले बनाएका कृषि औजारहरु देखेर जो कोही पनि औजार किन्न मन पराउँछन् । यसका कारण कृषि औजार लिन टाढा टाढाबाट समेत ग्राहकहरु आउने गरेको उनले बताए ।रासस

# कारको ठक्करबाट मृत्यु

**मधेशदृष्टि**
**सर्लाही।**
पूर्व–पश्चिम राजमार्गअन्तर्गत सर्लाहीको बागमतीमा कारको ठक्करबाट एक जनाको मृत्यु भएको छ । दुर्घटनामा बागमती नगरपालिका–४, प्रसाईं टोलका ५० वर्षीय केशव शिवाकोटीको मृत्यु भएको हो।

शिवाकोटी मंगलबार राति बागमतीमा बालाचतुर्दशी मेला हेरेर घरतर्फ फर्कंदै गर्दा नम्बर खुल्न नसकेको कारले ठक्कर दिएको थियो।

कारको ठक्करबाट गम्भीर घाइते भएका शिवाकोटीको उपचारक्रममा बुधबार बिहान न्यूरो अस्पताल वीरगंजमा मृत्यु भएको हो।

पैदलयात्रीलाई ठक्कर दिएर फरार भएको कारले बागमती प्रदेश०३–००१ ख ३४५५ नम्बरको यात्रुबाहक बसलाई समेत ठक्कर दिएको प्रहरीले जनाएको छ । दुर्घटनामा संलग्न कारको खोजी भइरहेको प्रहरीले जनाएको छ।

# आगजनी र तोडफोड गर्नेविरुद्ध जाहेरी

**पर्वत।**
भदौ २४ गते जेनजीको आवरणमा भइरहेको आन्दोलनका क्रममा राजनीतिक दलका पार्टी कार्यालय, व्यक्तिगत घर र सार्वजनिक सम्पत्तिमा आगजनी र तोडफोडमा संलग्नलाई कारबाहीको माग गर्दै प्रहरीमा किटानी जाहेरी परेको छ।

नेपाली कांग्रेस पर्वत र नेकपा (एमाले) पर्वतले आज संयुक्त रूपमा जाहेरी दिएका हुन्। नेपाली कांग्रेस पर्वतका सभापति युवराज जोशीसहित पदाधिकारी र एमालेका जिल्ला अध्यक्ष गोविन्द पहाडीसहित पदाधिकारीहरू जिल्ला प्रशासन कार्यालय पर्वत र जिल्ला प्रहरी कार्यालय पर्वतमा पुगेर जाहेरी दर्ता गरेका हुन् । उनीहरूले आगजनी र तोडफोडमा संलग्नको तस्बिर, भिडियो फुटेज र विवरणसहित जाहेरी दर्ता गरेका हुन्।

अराजकता मच्चाउनेमा अधिकांश कुलतमा लागेका, लागुऔषध प्रयोगकर्ता, प्रहरीमा विभिन्न समयमा मुद्दा परेकोको जाहेरीमा उल्लेख छ। अध्यक्ष पहाडीले आज पार्टी कार्यालय र पूर्व मन्त्री पद्म गिरीको घरमा आगजनी गर्नेले भोलि समाजमा कसैलाई पनि बाँकी नराख्ने भएकाले तत्काल कारबाहीको दायरमा ल्याउन आग्रह गरे। अहिले जाहेरी मात्र दिइएको र कारबाही नभएमा किटानी जाहेरीसमेत दिने उनको भनाइ छ।

भदौ २४ गते भएको आगजनीबाट नेकपा एमालेको पार्टी कार्यालयमा ४४ लाखभन्दा बढी, नेपाली कांग्रेसको कार्यालयमा साढे २१ लाख, पूर्वमन्त्री पद्म गिरीको घर र माओवादी केन्द्रको पार्टी कार्यालयमा आगजनी गरेका थिए। त्यस्तै, सहिद गोविन्दनाथ शर्मा र अमृतप्रसाद जोशीको सालिकमा तोडफोड गरेका थिए।

जाहेरी बुझ्दै जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक विजय यादवले जाहेरीका आधारमा भोलिदेखि नै सुक्ष्म अनुसन्धान शुरु गर्ने र दोषीलाई कारबाहीको दायरामा ल्याउने प्रतिबद्धता व्यक्त गरे।रासस

# सशस्त्रद्वारा स्रोत नखुलेको रकमसहित पक्राउ

**मधेशदृष्टि**
**बारा।**
सशस्त्र प्रहरीले श्रोत नखुलेको १० लाख ८० हजार रुपैयाँसहित एक जनालाई पक्राउ गरेको छ। बैरैनियास्थित सशस्त्र प्रहरी बोर्डर आउटपोष्टबाट खटिएको टोलीले बिश्रामपुर गाउँपालिका–४ बलिरामपुर स्थित नेपाल–भारत सीमा क्षेत्रमा ती व्यक्तिलाई पक्राउ गरेको हो । पक्राउ परेका व्यक्तिको नाम प्रहरीले खुलाएको छैन । सशस्त्र प्रहरी निरीक्षक सन्दीप केसीको नेतृत्वमा खटिएको टोलीले भारततर्फबाट नेपाल प्रवेश गर्ने क्रममा लु४प ६४६२ नम्बरको मोटरसाइकल रोक्दै चेकजाँच गर्दा मोटरसाइकलभित्र लुकाई राखिएको श्रोत नखुलेको रकम बरामद भएको सशस्त्र प्रहरीले जनाएको छ । बरामद रकम र मोटरसाइकलसहित ती व्यक्तिलाई आवश्यक कारबाहीका लागि वीरगंज भन्सार कार्यालयमा बुझाइएको बाराका सशस्त्र प्रहरी उपरीक्षक खुमबहादुर केसीले जानकारी दिए।

# दुई वटा बसमा आगलागी

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको नयाँ बसपार्कमा पार्किङ गरिएका दुई वटा बसमा आगलागी भएको छ । वीरगंज–१६ नयाँ बसपार्कमा पार्किङ गरिराखेको दुई वटा बसमा मंगलबार मध्यराति आगलागी भएको हो । आगलागीबाट जमजम ट्राभल्स लेखिएका ना५ख ६२१६ र ना५ख ६२१७ नम्बरका बस पूर्ण रूपमा जलेर नष्ट भएका छन् । मंगलबार राति पौने १ बजेको समयमा दुवै बसमा आगो लागेपछि प्रहरी र वीरगंज महानगरपालिकाको अग्निनियन्त्रक टोलीले दमकलको सहयोगमा आगो निभाएको वडा प्रहरी कार्यालय श्रीपुरका प्रहरी निरीक्षक नविन थापा मगरले जानकारी दिए । बसमा आगलागीको कारण खुल्न सकेको छैन ।

# गैससका प्रतिनिधिहरुको सिडिओसँग छलफल



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले गैरसरकारी संस्था महासंघ नेपाल पर्साका प्रतिनिधिहरुसँग समन्वय र सहकार्य गरी अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरेका छन् । महासंघका प्रमुख छठु साहको अध्यक्षतामा भएको परिचयात्मक तथा समसामयिक विषयमा दाहालको प्रतिवद्धता आएको हो । पर्साको विकास तथा अन्य काममा संस्थाहरुको भूमिका अनिवार्य रहेकाले एक साथ अघि बढ्ने बताइएको हो । कार्यक्रममा इब्राहीम देवान, नीरज साह, सलमा खातुन, रौनक सर्राफ, किरण गुप्ता, चन्देश चौहान, निला रामलगायतको सहभागिता थियो ।



**विश्व शौचालय दिवसमा प्रभातफेरीः** विश्व शौचालय दिवसका अवसरमा बुधबार सिरहाको लहान बजारमा निकालिएको प्रभातफेरीमा सहभागी विद्यार्थी । तस्बिरः रासस

# मधेशमा शीतलहरमा जोखिम न्यूनीकरण गर्न पूर्वतयारीमा जोड

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
संघीय सरकारका गृहमन्त्री ओमप्रकाश अर्यालले सङ्कटासन्न वर्ग, क्षेत्र र समुदायलाई केन्द्रित गरेर शीतलहरमा पूर्वतयारी र प्रतिकार्य थाल्न निर्देशन दिएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले संघीय राजधानी काठमाडौँमा गरेको 'विपद् संवाद'मा उनले शीतलहरबाट आउनसक्ने स्वास्थ्य समस्यासँग जुध्न आवश्यक औषधि र जनशक्तिलाई तयारी अवस्थामा राख्न निर्देशन दिएका हुन् ।

सरकार एक्लैले यो चुनौती व्यवस्थापन गर्न नसक्ने उल्लेख गर्दै गृहमन्त्री अर्यालले राष्ट्रिय तथा अन्तरराष्ट्रिय संस्था, संयुक्त राष्ट्र सङ्घीय निकाय, सञ्चार जगत्, स्थानीय समुदाय, नागरिक समाज र निजी क्षेत्रीच बलियो साझेदारी आवश्यक भएको बताए । 'राहत मौज्दात, जीवन रक्षक सामग्री, न्यानो कपडा र खाद्यान्न भण्डारणमा साझेदारितालाई प्रोत्साहन गर्नुपर्छ,' उनले भने ।

गृहमन्त्री अर्यालले शीतलहरजस्ता बहुआयामिक तथा उच्च जोखिमयुक्त प्राकृतिक प्रकोपलाई वैज्ञानिक र प्रभावकारी ढङ्गबाट व्यवस्थापन गर्ने उद्देश्यले पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना जारी गरिएको स्पष्ट पारे । 'सुरक्षा, जीविकोपार्जन, स्वास्थ्य सेवालगायत सूचकमा यी प्रकोपले गहिरो प्रभाव पार्ने गरेका छन्,' उनले भने, 'मानव जीवन र सम्पत्तिको सुरक्षा सबैको साझा उत्तरदायित्व हो, प्राधिकरणको नेतृत्वमा जारी भएको कार्ययोजना कार्यान्वयनमा तीनै तह, गैरसरकारी संस्था, नागरिक समाजको भूमिका उत्तिकै महत्वपूर्ण छ ।'

प्राधिकरणका प्रमुख कार्यकारी दिनेशप्रसाद भट्टले शीतलहरबाट मानवीय क्षति नहोस् भन्ने उद्देश्यले दुई कार्ययोजना ल्याएको बताए । 'सरोकारवालासँगको छलफलपछि तयार गरिएको यो कार्ययोजना मार्गदर्शन हो, यसआधारमा जिल्ला र स्थानीयस्तरमा योजना बनाउन सकिन्छ,' उनले भने । प्रमुख भट्टले शीतलहरबाट हुने मानवीय क्षति शून्य बनाउने जिम्मेवारी पूरा गर्नेगरी पूर्वतयारी र प्रतिकार्य गर्न प्रमुख जिल्ला अधिकारीहरुलाई आग्रह गरे ।

'भर्चुअल' माध्यमबाट छलफलमा सहभागी प्रमुख जिल्ला अधिकारीहरुले शीतलहरको जोखिम न्यूनीकरणका लागि पूर्वतयारी र प्रतिकार्य योजना निर्माण गरिएको जानकारी दिए । रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले जिल्लामा शीतलहरबाट दुई हजार आठ सय ७७ घरपरिवार प्रत्यक्ष प्रभावित हुने पूर्वानुमान गरिएको जानकारी दिँदै प्रभावितलाई कम्बल र दाउरा वितरण गर्ने तयारी गरिएको बताए ।

'वन क्षेत्र कम भएकाले दाउराको अभाव छ, जाडोमा 'टायर' बाल्ने चलन रहेछ, यसपटक टायरको बिकल्प दिनेछौँ,' उनले भने, 'शीतलहर र बाक्लो हुस्सुका हुनसक्ने दुर्घटना रोक्न विशेष अभियान सञ्चालन गर्नेछौँ ।' विगतमा शीतलहरबाट बच्न मादक पदार्थ र लागुऔषध सेवन गर्ने गरेका पाइएको उल्लेख गर्दै उनले यस वर्ष मङ्सिर १५ गतेदेखि त्यसविरुद्ध पनि अभियान सञ्चालन गरिने बताए ।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादवले शीतलहरबाट प्रभावित हुनसक्ने संख्या पहिचान गर्ने र स्थानीय कार्ययोजना निर्माणको काम थालिएको बताए ।

'डिभिजन वन कार्यालयको सहयोग र स्थानीय तहको समन्वयमा प्रभावित क्षेत्रमा दाउरा वितरण गर्ने तथा राजमार्गमा सवारी दुर्घटना हुन नदिन सचेतना कार्यक्रम गर्ने तयारी गरेका छौँ,' उनले भने ।

**शीतलहरबाट २१ जिल्ला प्रभावित हुने**

सरकारले हिउँदका महिनामा तराई–मधेशका जिल्लामा हुने शीतलहरबाट हुन सक्ने जोखिम न्यूनीकरणका लागि राष्ट्रिय कार्ययोजना–२०८२ जारी गरेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सरोकारवालासँगको छलफल र परामर्शपछि कार्ययोजनाको मस्यौदालाई अन्तिमरुप दिएको हो ।

कार्ययोजनामा शीतलहरबाट तराई–मधेशका २१ जिल्ला प्रभावित हुनसक्ने औँल्याइएको छ । कार्ययोजनामा ती जिल्लामा विशेष सावधानी र हिमपात तथा शीतलहरबाट हुने सक्ने जोखिम न्यूनीकरण गर्न विशेष रणनीतिक कार्य समावेश गरिएको छ ।

सरकारले हिमपात र शीतलहरबाट हुनसक्ने सम्भावित क्षति तथा जनजीवनमा पर्ने असर न्यूनीकरण गर्ने उद्देश्यले पहिलो पटक राष्ट्रिय कार्य योजना जारी गर्न लागेको हो ।

प्राधिकरणका अनुसार मङ्सिरदेखि फागुनसम्म भारी हिमपात र तराई–मधेशका जिल्लामा शितलहरको बढी प्रभाव हुने गरेको छ । मधेशका सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा शीतलहरको प्रभाव पर्नेछ ।

# नेशनल मेडिकल कलेज र सिप्लाको सहकार्यमा स्क्रिनिङ तथा उपकरण प्रदर्शन



**मधेशदृष्टि**
**वीरगंज ।**
नेशनल मेडिकल कलेज, वीरगंजले सिप्ला फार्मास्युटिकल्सको सहकार्यमा बुधबार बिहान १० बजेदेखि प्रहरी कार्यालय, कन्फरेन्स हल, वीरगंजमा सिओपिडी स्क्रिनिङ तथा उपकरण प्रदर्शन कार्यक्रम भएको छ । कार्यक्रममा वीरगंज प्रहरी कार्यालयबाट प्रहरी उपरीक्षक सुदीपराज पाठक, नायव उपरीक्षक हरि बहादुर बस्नेत, ट्राफिक निरीक्षक तथा अन्य अधिकारी उपस्थित थिए ।

कार्यक्रममा ट्राफिक प्रहरी र प्रहरीका १ सय ५० जना सहभागी थिए । कार्यक्रमको मुख्य उद्देश्य सिओपिडीको प्रारम्भिक पहिचान, जनचेतना अभिवृद्धि तथा स्वास्थ्य परामर्श प्रदान गर्नु रहेको थियो ।

कार्यक्रममा नेशनल मेडिकल कलेजका डा. रविशंकर गुप्ता, डा. आलोक कुमार सिंह, इञ्जिनियर प्रदीप चौधरी, जितेश चन्द्र दास, विश्वनाथ कन्थ, पप्पु सिंह तथा डा. प्रशान्त भण्डारी सहभागी थिए । सिप्ला फार्मास्युटिकल्सका तर्फबाट भुपेन्द्र मल्लिक उपस्थित थिए । कार्यक्रममा सिप्ला फार्मास्युटिकल्सले निःशुल्क औषधि, स्क्रिनिङ उपकरण प्रदर्शन, पर्चा तथा शैक्षिक सामग्री, ब्यानर, दृश्य सामग्री, तथा प्रमाणपत्र उपलब्ध गराएको थियो । कार्यक्रमको चिकित्सकीय नेतृत्व डा. आलोक कुमार सिंहले गरेका थिए ।

नेशनल मेडिकल कलेज र सिप्ला फार्मास्युटिकल्सको संयुक्त पहलमा सञ्चालन गरिएको कार्यक्रम दीर्घ श्वासप्रश्वास–सम्बन्धी रोगबारेजनचेतना अभिवृद्धि गर्न तथा जोखिम समूहलाई समयमै स्क्रिनिङ गर्न अत्यन्त उपयोगी बनेको छ ।

# लहानमा 'स्वच्छता अभियान' शुरु

**सिरहा ।**
यहाँको लहान नगरपालिकाले दिगो सरसफाइको उद्देश्यसहित 'घर–घरको शान, स्वच्छता अभियान–२०८२' औपचारिक रूपमा शुरु गरेको छ । विश्व शौचालय दिवसका अवसरमा बुधबार पशुपति माध्यमिक विद्यालयको प्राङ्गणमा आयोजित समारोहमा नगरप्रमुख महेशप्रसाद चौधरीले अभियानको उद्घाटन गर्दै स्वच्छता सुधारलाई अबको मुख्य प्राथमिकताका रूपमा अघि बढाइने घोषणा गरे ।

नगरप्रमुख चौधरीका अनुसार सात वर्षअघि खुला दिसामुक्त क्षेत्र घोषणा भइसकेको लहानमा अझै पनि चार हजारभन्दा बढी घरपरिवार शौचालयविहीन रहेका छन् । उनले भने, 'अब कागजमा मात्रै होइन, घरघरको वास्तविक अवस्था परिवर्तन गर्ने बेला आएको छ । त्यसको लागि हामीले स्वच्छता महाअभियानको शुरुआत गरेका छौँ ।'

नगरपालिकाले गरेको प्रारम्भिक विश्लेषणअनुसार दलित, भूमिहीन, गरिब तथा बाढी–जोखिमयुक्त बस्तीहरूमा सरसफाइ समस्या अझै गम्भीर देखिएको छ । दिशाजन्य लेदो प्रशोधन केन्द्रको अभाव, सुरक्षित खानेपानीको कमी तथा नियमित मर्मतसम्भार नहुनुजस्ता कारणले नगरको समग्र स्वच्छतास्तर कमजोर भएको जनाइएको छ ।

यस्तै, भूमिहीन सुकुम्बासी परिवारका लागि उपयुक्त विकल्प पहिचान गरी व्यवस्थापनपूर्व स्थानान्तरण प्रक्रिया अघि बढाइने प्रतिबद्धता पनि नगरप्रमुख चौधरीले व्यक्त गरे । अभियानका क्रममा नगरपालिका, जनप्रतिनिधि, सामाजिक परिचालक, समुदायका संस्था, विद्यालय तथा युवा समूहको सहकार्यमा तीन महिनासम्म घरघरमै पुगेर प्रत्यक्ष अनुगमन गर्ने तयारी गरिएको छ ।

नगरपालिकाले आगामी दुई वर्षमा लहानलाई पुनः पूर्ण खुला दिसामुक्त क्षेत्र घोषणा गर्ने लक्ष्य राखेको छ । नगरप्रमुख चौधरीले नगरवासीको सक्रिय सहभागिताकै माध्यमबाट स्वच्छता सुधार सम्भव हुने उल्लेख गर्दै भने, 'शौचालय हुनु केबल सुविधा मात्र होइन, स्वास्थ्य र सम्मान दुवै हो ।'

उद्घाटन समारोहमा प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेल, सुरक्षा निकायका प्रमुख, विभिन्न सङ्घसंस्थाका प्रतिनिधि तथा स्थानीयको उल्लेख्य उपस्थिति थियो ।

# शौचकार्यका लागि अझै पनि चउर र झाडीको भर !

**महोत्तरी ।**
बिहान उज्यालो भयो कि महोत्तरीको भङ्गाहा–४ रामनगरस्थित मुसहरीटोलका ६० वर्षीय पिर्ता सदा हातमा प्लाष्टिकको जगमा पानी बोकेर दिसा गर्न टाढाको चउर वा झाडीतिर लाग्छन् ।

जथाभावी दिसापिसाब गर्नुहुन्न भन्ने बुझे पनि आफ्नो बस्तीमा शौचालय नभएपछि पिर्ताको यो सधैँको दैनिकी बनेको छ । १९ नोभेम्बरको दिन विश्व शौचालय दिवस मनाइ रहँदा मधेशको सुगम जिल्ला भनिने महोत्तरीका गाउँबस्तीमा अझै दिसापिसाब गर्न खुला चउर वा झाडीकै सहारा छ ।

यो गाउँमा ६० घर मुसहर बस्ती छ । पिर्तामात्र नभएर बस्तीका सबै मुसहर परिवारको दिसापिसाब गर्ने थलो चउर, झाडी र रातबिरात त सडक छेउका किनार हुन्छन् । पुरुषलाई भन्दा महिलालाई शौचकार्यमा झनै अप्ठ्यारो छ । उज्यालो नहुँदै बस्तीभरिका महिला मेलापात हिँडे झैँ समूहमा दिसापिसाब गर्न निस्कन्छन् ।

'के गर्नु यसो बारबेर गरेर खाल्डो खन्ने ठाउँ पनि छैन,' बस्तीकी हेमनी सदा भन्छिन्, 'हामी सबै घर मुसहरलाई हुनेगरी एउटा पानीको धारा र सबैले प्रयोग गर्न मिल्ने पाइखानाघर (शौचालय) बनाइ दिए पनि हुने, तर चुनाव जितेर जाने कसैले वास्ता गरेनन् ।'

बस्ती अगाडिको खाली चउरमा सबैका लागि साझा शौचालय बनाइ दिए आफूहरुलाई अहिले केकेन पाएजस्तो हुने उनको भनाइ छ । जिल्लामा मुसहर र बाँतर जाति समुदायको सबैभन्दा बढी बसोबास रहेको भङ्गाहा नगरपालिका हो । यसै नगरक्षेत्रमा २७ दशमलव नौ प्रतिशत घर अझै शौचालयविहीन रहेका राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अभिलेख छ ।

यहाँका मात्र नभएर जिल्लाभरिकै मुसहर समुदाय खुला ठाउँमा दिसापिसाब गर्छन् । सम्पत्तिको नाउँमा उनीहरूको सानो पराले झुप्रो मुस्किलले ठडिएको हुन्छ । झुप्राहरु एकअर्कोमा खप्टिएझैँ छन् । कसैसँग शौचालय बनाउने ठाउँ र आर्थिक सामथ्र्य नभएपछि मुसहरको दिसापिसाब खुला गर्नुपर्ने बाध्यता नहटेको हो ।

पछिल्लो गणनाअनुसार महोत्तरीमा २७ हजार ३ सय ५२ मुसहर समुदायको बसोबास भएको देखिन्छ । त्यसयताका वर्षमा यो संख्या धेरथोरले बढेकै हुनुपर्छ । तर, यति जनसंख्याको मुसहर जाति समुदायमा शौचालयको सुविधा उपभोग गर्ने नगन्यमात्र रहेका छन् । मुसहरको शौचालय नहुनमा ठाउँ र अर्थ अभाव नै मुख्य कारण रहेको छर्लङ्ग देखिने भङ्गाहा–४ रामनगरकै सामाजिक अगुवा वृदेवसिंह दनुवार बताउँछन् ।

जिल्लामा मुसहरमात्र नभएर बाँतर, डोम, मेस्तर र हलखोर जाति समुदाय पनि आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिक अवसर नपाएर निकै पछि परेको मानिन्छन् । यी जाति समुदाय पनि अधिकांश गरिबीकै कारण शौचालय बन्न नसक्दा खुला दिसापिसाब गर्न विवश छन् । महोत्तरीमा २०७८ को राष्ट्रिय जनगणनाले सात लाख छ हजार ९ सय ९४ जनसंख्या देखाएको छ । जनगणनाअनुसार जिल्लाका १५ प्रतिशतभन्दा बढी घरपरिवार अझै शौचालय पहुँचबाहिर रहेको अवस्था छ । विश्व शौचालय दिवस मनाइरहँदा सरसफाइको मुख्य पाटो मानिने शौचालय अझै १५ दशमलव चार प्रतिशत घरपरिवारमा नहुनुलाई सामान्य रुपमा लिन नहुने स्वस्थ्यकर्मीहरूको भनाइ छ ।

विशेषगरी जिल्लामा सामाजिक, सांस्कृतिक, शैक्षिक र आर्थिक अवसरको पहुँच बाहिरका सीमान्तकृत जाति समुदायका घर शौचालयविहीन छन् ।

मुलुक खुला दिसामुक्त राष्ट्र घोषणा भएको छ वर्ष नाघेको छ । यसअघि २०७६ साल असोजमा नेपाल खुला दिसामुक्त राष्ट्र घोषणा भएपनि खुला चौरमा शौच गर्नेक्रम जारी छ । त्यसयता विपन्न परिवारका घरमा शौचालय निर्माणका योजना नबन्दा महोत्तरीका कूल एक लाख ३७ हजार ९ सय २ घरपरिवारमध्ये १५ प्रतिशतभन्दा बढी घरका जनता दिसापिसाब गर्न अझै खुला चउर, झाडी र सडक पेटी प्रयोग गर्न बाध्य छन् ।

विसं. २०६८ र २०७८ बीचको १० वर्षको अवधिमा सरसफाइ सचेतना र शौचालय निर्माणको काम अभियानका रुपमा सञ्चालन गर्दा सकारात्मक परिणाम देखिए पनि २०७८ यता यो अभियान पूरै सुस्त भइदिँदा अपेक्षा गरेअनुसारको परिणाम आउन नसकेको सारथी नेपाल सामाजिक संस्थाकी अध्यक्ष बर्दिबास–६ किसाननगरकी शर्मिला घिमिरे बताउँछन् ।

जिल्लाका १५ स्थानीयतहका सबैजसो गाउँबस्तीमा अझै पनि शौचालयविहीन घर भेटिन्छन् । घरमात्र नभएर जिल्लाका खुबै चल्तीका बजारक्षेत्र, चोक, हाटबजारजस्ता सार्वजनिक ठाउँमा पनि सार्वजनिक शौचालयको अभाव छ । यो अवस्था अन्त्यका लागि सम्बन्धित स्थानीयतहहरुले स्पष्ट खाकासहित योजनाबद्ध काम अघि बढाउन आवश्यक रहेको जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख सुमनकुमारलाल कर्ण बताउँछन् ।

'हाम्रा स्थानीयतहहरुले सङ्कल्प गर्नुप¥यो, अब थोरै प्रयत्नले पनि शतप्रतिशत नतिजा लिन सकिन्छ,' कर्ण भन्छन्, 'सरसफाइका क्षेत्रमा काम गरिरहेका सामाजिक सङ्घसंस्थाहरूसँग समन्वय गरेर लक्ष्य हासिल गर्न सकिन्छ ।' सामूहिक प्रयत्नले यो अवस्था अन्त्य गर्न सकिने उनको भनाइ छ । जग्गा नभएका दलित बस्तीमा सामूहिक शौचालयको अवधारणाबाट स्थानीय समुदायलाई संरक्षणको जिम्मेवारी बुझाएर स्थानीयतहहरूले यो कामको नेतृत्व लिनपर्ने कर्णको सुझाव छ ।

शौचालय सुविधाको दृष्टिले मधेश प्रदेश अवस्था पनि सुध्रन बाँकी छ । यहाँ अझै १२ प्रतिशत घरपरिवार यो सुविधाबाट वञ्चित छन् । मधेशका कूल ११ लाख ५६ हजार ३ सय ८३ घरपरिवारमध्ये ८८ प्रतिशतले कुनै न कुनै प्रकारका शौचालयको प्रयोग गरेका राष्ट्रिय जनगणना–२०७८ को प्रतिवेदनमा उल्लेख छ । मधेशका अब १२ प्रतिशत घरपरिवारमा शौचालय सुविधा पुग्न बाँकी छ ।

विसं २०६८ को राष्ट्रिय जनगणनामा हालको मधेशका आठ जिल्लामा ७२ दशमलव सात प्रतिशत शौचालय विहीन घर रहेका तथ्याङ्क थियो । पछिल्लो १० वर्षको अन्तरालमा सरसफाइ सचेतनाका सघन जागरण अभियानले निकै राम्रो परिणाम दिएको जनगणनाको परिणामले देखाएको छ ।

सरोकारवाला पक्षले यसअघिको दशकमा जस्तै सक्रिय भई इमानदार प्रयास गर्ने हो भने जिल्लालाई खुला दिसापिसाब मुक्त क्षेत्र बनाउन सकिने अभियानकर्मी बताउँछन् ।

स्थानीयतहसहित यस क्षेत्रमा क्रियाशील सामाजिक तथा शैक्षिक सङ्घसंस्थाको सामूहिक प्रयास भए महोत्तरीलगायतका आसपासका जिल्लालाई वास्तविक रुपमा खुला दिसापिसाब मुक्त क्षेत्र बनाउन सकिने प्रयास महोत्तरीका अध्यक्ष प्रवीण कर्ण बताउँछन् ।

## सम्पादकीय

# मधेशमा एमालेविरुद्ध सात दल किन उभिए ?

मधेशमा फेरि शक्ति–समीकरणको आँधी चलेको छ। मुख्यमन्त्री चयनपछि नेकपा एमाले प्रदेश सरकारको नेतृत्वमा पुगेसँगै सात दल खुलेरै विरोधमा उत्रिएका छन्। सतही रूपमा यो सत्ता–प्रतिस्पर्धा जस्तो लागे पनि, यसको मुटुमा अवसर खोसिएको क्षोभ भन्दा धेरै गहिरो राजनीतिक चिन्ता छ। पहिलो, सात दलको मुख्य आरोप हो—मधेशको निर्णय मधेशमै होइन, बाहिर कतै बनाइयो। प्रदेशको स्वायत्तताको भावनामा चोट लागेको उनीहरूको बुझाइ छ। मधेशमा राष्ट्रिय दलको प्रभाव बढ्दै जाँदा स्थानीय एजेन्डा—पहिचान, सीमा, भाषा, अधिकार—ओझेल पर्छन् भन्ने भय आन्दोलनको प्रमुख स्रोत बन्यो।

दोस्रो, मधेशवादी दलहरू पछिल्ला वर्षहरूमा फुटेर कमजोर भइरहे। अब एमाले नेतृत्वमा सरकार बनेपछि उनीहरूको राजनीतिक अस्तित्व नै सखाप हुने डर खुलेर अभिव्यक्त भयो। आन्दोलन यो अस्तित्व–संरक्षणको रणनीति पनि हो। तेस्रो, सभामुखको भूमिकाप्रति गम्भीर असन्तोष छ। दलहरूले सभामुखबाट तटस्थता टुट्यो, प्रक्रियागत न्याय भंग भयो भन्ने ठोस आरोप लगाएका छन्। यही मुद्दाले आन्दोलनलाई नैतिक आधार दियो। चौथो, मधेशको राजनीति सधैँ संवादहीनताको दोषले ग्रस्त छ। निर्णयभन्दा अघि छलफल हुने परम्परा छैन, बरु शक्ति–गणित चलेपछि मात्र संवाद हुन्छ। एमाले प्रबलीकरणपछि अन्य दलले आफूलाई राजनीतिक अन्धकारतिर धकेलिएको महसुस गरे।

अन्ततः, सात दलको आन्दोलन केबल पदको चलखेल होइन—यो मधेशको स्वायत्तता, पहिचान र प्रक्रियागत न्याय को लडाइँ हो। यसलाई कमजोर राजनीतिक रीतिसँग जोडेर उपेक्षा गर्न सकिँदैन। तर समाधान एउटै छ—पारदर्शी प्रक्रिया, खुला संवाद र स्थानीय एजेन्डामा साझा प्रतिबद्धता। नत्र मधेश राजनीति फेरि–फेरि यही चक्रमा फसिरहनेछ।

# मोटोपनले अस्वस्थ महिला



डा अरुणा उप्रेती

अस्पतालमा नेपाली महिलाहरुको पेट, कलेजोको जाँच गर्दा ५७ प्रतिशत महिलाको कलेजोमा बोसो जमेपछि भविष्यमा चाँहि स्वास्थ्यको समस्या आउन सक्ने सम्भावना हुन्छ। अहिले नेपालमा प्रायः मानिसहरुले मुटुको रोग, मिर्गौला, मधुमेह, क्यान्सर आदिको बारेमो सुनेका छन्। 'मुटुको स्वास्थ राम्रो राख्न के खानुपर्छ, कस्तो व्यायाम गर्नुपर्छ' भनेर छलफल पनि भइरहन्छ तर कलेजो अस्वस्थ भयो भने कसरी समस्या पर्न सक्छन्, कलेजो स्वस्थ पार्न कस्ता खानेकुरा खाने भन्नेबारे पनि त्यति छलफल हुँदैन।

कलेजो शरीरको यस्तो कारखाना हो, जसले शरीरको विषालु तत्वलाई बाहिर लैजाने काम गर्छ। शरीरभित्रको सबभन्दा ठूलो अङ्ग हो कलेजो, तर धेरै बेवास्ता गरिएको छ। यदि कलेजो अस्वस्थ भयो भने शरीरभित्रका विषालु तत्व बाहिर निस्कन पाउँदैन। अनि शरीरभित्र अनेक समस्या शुरु हुन्छ।

नेपाली महिलाहरुको अहिले सरदर आयु ७२ वर्ष रहेको सरकारको पछिल्लो तथ्याङ्कले देखाएको छ। नेपाली महिलाको सरदर आयु यति वर्ष हुनु जनस्वास्थको दृष्टिकोणले सफलता मान्न सकिन्छ। तर अर्कोतिर उनीहरु अस्वस्थ पनि बन्दैछन्। पछिल्लो सरकारी तथ्याङ्कले के देखाउँछ भने ३५ प्रतिशत नेपाली महिला मोटोपनको शिकार भएका छन्। त्यस्ता महिलाहरु प्रायः नेपालका ठूलो शहरहरुमा रहेका छन्। खासगरी धनी परिवारका ५३ प्रतिशत र गरिब परिवारका २० प्रतिशत महिलामा यो समस्या देखिएको छ। गाउँघरका गरिब महिलाहरुको कार्यबोभ, धेरै रहे पनि अहिले पत्रु खाना धेरै खाने भएकाले उनीहरुमा पनि मोटोपनको समस्या देखिन थालेको छ।

ठूला शहरका महिलाहरु व्यापार, सरकारी र गैरसरकारी संस्था, सेवाप्रदायक (अस्पताल, होटेल, शिक्षक, घरको काम) काम गर्छन्। एक प्रकारले नेपाली महिलाले देशको आर्थिक विकासमा ठूलो टेवा पु¥याएका छन्। त्यसले हाम्रो समाजमा धेरै परिवर्तन भइसकेको छ भन्ने पनि देखाउँछ तर यसरी महिलाहरु देश र समाजमा विकासको काममा व्यस्त हुँदा उनीहरुको स्वास्थमा मोटोपनले गर्दा भविष्यमा ठूलै स्वास्थ्य समस्या आउने सम्भावना देखाएको छ। पैतीस प्रतिशत नेपाली महिला मोटोपनको शिकार हुनु र अस्पतालमा जाँच गर्न आएका ५७ प्रतिशत महिलाको कलेजोमा बोसो जमेको देखिनुले नेपाली महिलाको खराब स्वास्थ भन्ने कुरा इङ्कित गर्छ। कोही अतिप्रिय व्यक्तिलाई 'मेरो आँखाको नानी, मुटुको टुक्रा, कलेजोको टुक्रा' भन्ने चलन नै छ। कति महत्व रहेछ त मुटु र कलेजोको। तर त्यही कलेजो र मुटु मोटोपनले बिग्रने के समस्याप्रति कमैको ध्यान गएको देखिन्छ।

आर्थिक रुपमा सबल महिलाहरु मात्र होइन, कतिपय ठाउँमा आर्थिक रुपमा असक्षम महिलाको पनि कलेजोमा समस्या पर्न सक्छ। 'कलेजोमा बोसो जम्नुको प्रमुख कारणमध्ये मोटोपन, भोजन, शारीरिक रुपमा धेरै सक्रिय नहुने, विभिन्न किसिमका औषधि पनि हुन सक्छ,' भारतका प्रसिद्ध कलेजोविज्ञ डा एस के सरिन भन्नुहुन्छ, 'जसरी मुटु खराब हुँदा अनेक समस्या पर्छ त्यसैगरी कलेजोको स्वास्थले सम्पूर्ण स्वास्थको झलक देखाएको हुन्छ।' उहाँले कलेजो स्वस्थ राख्न के गर्न सकिन्छ भनेर लेख्नुभएको आफ्नो किताबमा पहिलेपहिले ग्रिक समुदायमा मुटु, फोक्सो होइन, कलेजो शरीरको एक अति महत्वपूर्ण अङ्ग भनेर त्यसलाई पूजासमेत गर्ने चलनबारे उल्लेख छ। सो किताबमा पनि कसरी 'मोटोपन' ले गर्दा मुटुमा मात्र समस्या पर्ने होइन, कलेजोमा पनि समस्या पर्छ भनिएको छ। जब शरीरको विषालु तत्व निस्कासन गर्ने कारखानामा नै समस्या पर्छ, यसले मधुमेहको समस्या पर्नसक्छ भन्ने कुरा स्पष्ट हुन्छ।

डा सरिनको अनुभवले भन्छ–महिलाहरु र पुरुषको कमर यदि क्रमशः ३५ सेमी, ३८ सेमीभन्दा बढी छ भने त्यस्ता व्यक्तिहरुको कलेजोमा समस्या हुनसक्ने सम्भावना एकदम बढी हुन्छ। कलेजोमा बोसो जम्ने प्रमुख कारण 'रक्सी' हो। तर रक्सी नखाने व्यक्तिहरुमा पनि कलेजोमा बोसो जम्ने समस्या देखिन्छ। यसको प्रमुख कारण नै पत्रु खाना, धेरै गुलियो, चिल्लो, तारेको खाना हो। कलेजो र मधुमेहको बीचको सम्बन्धलाई लिएर धेरै अनुसन्धान भएको छ।

डा रबर्ट लस्टिग नामक अमेरिकन बालरोग विज्ञले पनि आफ्नो किताब मेटाबोलिकलमा लेख्नुभएको छ–शरीरमा चिनीको मात्र धेरै हुँदा मुसा र मानिसमा डिप्रेशन (मानसिक अस्वस्थता) भएको देखाएको छ। चीन र युरोपमा गरिएको अनुसन्धानले सावित गरेको छ कि अति प्रशोधित भोजन (पत्रु भोजन) प्रयोग गर्दा डिप्रेशन देखिन्छ। कति जना व्यक्तिहरु व्यायाम पर्याप्त गरेपछि जे जति खाए पनि हुन्छ भन्ने गर्दछन्। यस कुरालाई केही वर्षअघिको एक अनुसन्धानले गलत प्रमाणित पारिदिएको छ।

फिनल्याण्डका सामी इनकिनेन भन्ने एक व्यक्ति जो विश्व प्रसिद्ध 'टाकिया' कम्पनिको मालिकमध्येका एक थिए। उनले अमेरिका आएर आफ्नो व्यापार शुरु गरेका थिए। अर्बाँपति उनी एक दिनमा पाँच घण्टा व्यायाम गर्थे तर ३८ वर्ष नहुँदै उनलाई स्वास्थ समस्या देखाप¥यो। रगत जाँच गर्दा उनलाई रगतमा चिनीको मात्रा धेरै देखियो। मधुमेह नै चाँहि भइसकेको थिएन। त्यही व्यायाम गर्ने व्यक्तिलाई पनि शरीरमा चिनीको मात्रा कसरी अत्यधिक भयो भनेर विचार गर्दा थाहा भयो। अनुसन्धानबाट उनलाई खेलाडीहरु पिउने इनर्जी ड्रिङ्कको सेवनको कारणले यस्तो भएको थाहा भयो। यसको अर्थ केबल व्यायाम गरेर, खेल खेलेर मात्र हुँदैन, स्वस्थकर भोजनको पनि त्यति नै महत्व रहन्छ।

नेपालको पछिल्लो तथ्याङ्कले करिब छ प्रतिशत किशोरीहरु अति 'मोटोपनको शिकार' भएका छन् भन्ने देखाएको छ। यी किशोरीहरु दाम्पत्य जीवनमा प्रवेश गर्दा, गर्भवती हुने समस्या पर्नसक्ने सम्भावना हुन सकिन्छ। काठमाडौँ बत्तीसपुतलीकी एक ३० वर्षीया युवती ८० केजीकी थिइन्। उनको उचाइअनुसार उनी ५३ किलो मात्र हुनुपथ्र्यो। तेइस वर्षको उमेरमा विवाह भएको उनको सात वर्षसम्म पनि गर्भ रहेन। जाँच गर्दा उनको कलेजोमा पनि बोसो जमेको देखियो। चिकित्सकले उनलाई झण्डै २०–३० किलो घटाए मात्रै गर्भ रहने सम्भावना छ भन्ने सलल्लाह दिए। चिकित्सकको सल्लाहअनुसार एक वर्षमा चिनी, पत्रुखाना, धेरै बोसो भएको, कोल्ड ड्रिंक त्यागिन साथै योग गरेर २० किलो घटाउन सफल भइन्। तौल घटेपछि उनलाई भ¥याङ चढ्न पनि सजिलो भयो।

तौल घटेसँगै उनको महिनावारी पनि समयमा हुन थाल्यो। पहिले कहिले दुई महिना, कहिले तीन महिनामा महिनावारी हुन्थ्यो। पहिले उनको पाठेघरको जाँच गर्दा पाठेघरमा पानीको फोकाजस्तो (जसलाई 'ओमारियन सिस्ट' भनिन्छ) देखाप¥यो। जब उनको तौल घट्यो, उनको 'सिस्ट' पनि कम हुँदै गयो र उनको प्राकृतिक तरिकाले गर्भ रहन गयो, कलेजोमा जमेको बोसो पनि कम भयो र उनी र उनका श्रीमान् एकदम खुसी भएका थिए। चिकित्सकको सल्लाहले तौल घटाएपछि आफ्नो सम्पूर्ण स्वास्थमा नै सकारात्मक असर परेको भन्दै उनी निकै खुसी भएकी थिइन्।

पहिले त उनलाई रक्सी खाने मानिसको मात्र कलेजो खराब हुन्छ भन्ने लाग्यो, पछि मोटोपनले गर्दा पनि कलेजो खराब भएपछि मधुमेहको समस्या पनि हुने रहेछ भन्ने थाहा भयो। मोटोपनले गर्दा प्रजनन स्वास्थमा समस्या पनि मेरो परेको रहेछ। उनीजस्ता कतिपय युवतीले किशोरावस्थामा नै मोटो हुँदा धेरै वास्ता गर्दैनन् तर पछि अनेक समस्या उनीहरुलाई आइपर्छ, अनि स्वास्थ्य परीक्षण गर्दा कसरी यस्तो भयो भन्ने थाहा लाग्छ। गर्भ नरहने समस्या भएपछि चिकित्सकसँग परीक्षण गराउन जान्छन्। आधुनिक प्रविधि प्रयोग गरेर गर्भवती हुनु प¥यो भने सबैलाई सहजै पूर्वक गर्भ नहुनसक्छ। पहिले अनेक किसिमका पत्रु खाना खाने, कोल्ड ड्रिंक खाने बालबालिका, किशोरकिशोरीलाई पनि कलेजो र मुटुमा समस्या पर्न जान्छ। अनि शारीरिक समस्या त पर्छ नै, अनेक मानसिक अस्वस्थ, तनाव पनि हुन सक्छ। त्यसैले मुटु, मिर्गौला र कलेजो स्वस्थ राख्न समयमै सबै सचेत हुन आवश्यक छ। रासस

# मधेशको राजनीति कसरी संग्लिन्छ ?

मधेशको राजनीति फेरि एकपटक संवेदनशील मोडमा छ। मुख्यमन्त्री चयनलाई लिएर शुरु भएको विवाद आज सात दलको आन्दोलन, अविश्वास प्रस्ताव र सरकार सञ्चालनमै देखिएको अस्थिरतासम्म फैलिएको छ। बाहिरी रूपमा हेर्दा यो संख्या र शक्ति–समीकरणको खेल जस्तो देखिए पनि भित्री तहमा मध्यपथीय नेतृत्व अभाव, आन्तरिक लोकतन्त्र कमजोर हुनु, राष्ट्रिय राजनीति–मध्यस्थताको प्रभाव, र जनताप्रति उत्तरदायित्व क्षीण भएको गहिरो रोग देखिन्छ। प्रश्न उठ्छ—मधेशको राजनीति आखिर कसरी संग्लिन्छ ?

१. मधेशको राजनीतिलाई स्थिर र स्वच्छ बनाउन पाँच आधारभूत उपाय

क) नीति र सिद्धान्तमा एकठ्ठा

मधेशका दलहरू चुनावको समयमा पहाडी–मधेशी राज्य–संरचना, सीमांकन, समावेशीकरण, पहिचान र विकासका नारामा एकजुट देखिन्छन्, तर सरकार गठन वा पद–वितरणका बेला सिद्धान्त पन्छाइन्छ। राजनीति संग्लिन चाहिन्छ भने दलहरूले नीति–आधारित सहकार्य र कम्तीमा पाँच–बुँदे साझा आधारपत्र तयार गर्नैपर्छ—

क. मधेशको आर्थिक रुपान्तरण

ख. सीमा–व्यवस्थापन र सुरक्षा

ग. भाषिक–सांस्कृतिक संरक्षण

घ. स्थानीय सरकार सुदृढीकरण

ङ. दक्ष जनशक्ति र लगानीमैत्री वातावरण

साझा न्यूनतम नीति स्पष्ट भए त्यो सरकार को बनाउने वा गिराउने भन्दा महत्वपूर्ण हुन्छ।

ख) सत्ता–व्यवहारमा पारदर्शिता

मधेशमा अस्थिरता बढ्नुको मूल कारण सत्ता–व्यवहार गुप्त हुनु हो—कसरी सहमति बन्यो, कसरी भाँडियो, कसरी फेरियो ? जनता अन्धकारमै हुन्छन्।

हरेक दलले आन्तरिक लोकतान्त्रिक प्रक्रिया, मतदान, बैठक–मिनेट र निर्णय–सूचना सार्वजनिक गर्नुपर्छ। यही पारदर्शिताले अविश्वास, पदलोभीता र गुटबन्दी अस्वीकृत हुन थाल्छ।

ग) विकेन्द्रिकृत नेतृत्व र नयाँ पुस्ताको प्रवेश

मधेशका अधिकांश दलहरू केही सीमित व्यक्तिमा केन्द्रित छन्। नेतृत्व फेरिन नसक्दा राजनीतिक ऊर्जा जाम हुन्छ। प्रदेशहरूमा युवा नेतृत्व, सीमानाका विशेषज्ञ, वित्त, कृषि, उद्योग, सामाजिक न्याय र डिजिटल शासन बुझ्ने पुस्ता प्रवेश गराउन सके विवादको दिशा विकास–एजेन्डातर्फ मोडिन्छ।

घ) राष्ट्रिय शक्तिसँगको 'स्वतन्त्र–सन्तुलित' सम्बन्ध

मधेशका दलहरू अक्सर संघीय सत्ता–संयोजनमा निर्भर हुन्छन्। त्यसैले प्रदेश सरकार बारम्बार अस्थिर हुन्छ।

समाधानः

क. केन्द्रसँग आर्थिक अधिकार, कर्मचारी व्यवस्था र कानूनी स्पष्टताका विषयमा कूटनीतिक तर 'दृढ' वार्ता

ख. प्रदेशभित्र दलहरूबीच स्थानीय स्वायत्तता र राजनीतिक स्वाभिमानको साझा प्रतिज्ञाः यसले बाह्य प्रभावको हस्तक्षेप न्यून गर्छ।

ङ) आन्दोलनलाई जन–नैतिकतासँग जोड्ने

यो आन्दोलन सात दलको संख्या–समीकरणलाई मात्र हो भने लामो समय टिक्दैन। आन्दोलनसँग नागरिकको वास्तविक मुद्दा जोडिनैपर्छ—

क. शिक्षा र स्वास्थ्य

ख. सिँचाइ र कृषिउद्योग

ग. रोजगार र सीमा–व्यवस्था

घ. भ्रष्टाचार नियन्त्रण

यिनै मुद्दालाई केन्द्रीय एजेन्डा बनाएर आन्दोलनमा नैतिकता र जनस्वीकृति थप्नुपर्छ।

२. मधेशमा राजनीतिक शुद्धिकरणको तीन दिगो मार्ग

(१) स्थायी राजनीतिक संवाद–मञ्च

प्रदेशमा 'मधेश राजनीतिक परिषद्' जस्तै संस्थागत संवाद–फोरम स्थापना गरियो भने दलहरूले संसद् बाहिर पनि द्वन्द्व व्यवस्थापन, सहकार्य र नीतिगत छलफल गर्न सक्छन्।

(२) प्रदेश सरकार सञ्चालनको 'कोड अफ कन्डक्ट'

मुख्यमन्त्री, सभामुख, मन्त्री र दल–नेताहरूले हस्ताक्षर गर्ने सत्ता–आचरण संहिता आवश्यक छ—

क. अविश्वास प्रस्तावको न्यूनतम अवधि

ख. तटस्थ सभामुखको सिद्धान्त

ग. सरकार गठनमा पारदर्शी प्रक्रिया

घ. दल फुटाउने 'प्रलोभन–राजनीति' विरुद्ध संयम

(३) मधेशको आर्थिक–विकासलाई राजनीतिक केन्द्रबिन्दु बनाउने

राजनीति विकासको सेवा होइन, प्रतिस्पर्धा बन्यो। जब विकासलाई राजनीतिक दलहरूको 'साझा एजेन्डा' बनाइन्छ, तब गठबन्धनको अर्थ बदलिन्छ।

कञ्चनपुर–सिरहा रेल–अक्ष, सब्मेट्रो शहर विकास, कृषि–उद्योग गलैँचा, बुढी–गङ्गा–कमला जल–प्रबन्धन परियोजना जस्ता दीर्घकालीन कार्यक्रमलाई दलहरूले साझा रूपमा अघि बढाए राजनीतिक भ्रम कम हुन्छ।

३. अन्तिम निष्कर्ष

मधेशको राजनीति साफ–सुग्घर हुनु भनेको केवल सरकार परिवर्तन रोक्नु होइन;

विश्वास, जिम्मेवारी, पारदर्शिता र जन–एजेन्डामा आधारित नेतृत्व निर्माण गर्नु हो।

यदि मधेशका दलहरूले यो अवसरलाई सङ्घीय लोकतन्त्र बलियो बनाउने मौका मानेर साझा राजनीतिक संस्कारको निर्माण गरे, मधेशको राजनीति केवल संग्लिँदैन— स्थिर, सुदृढ र पहिचान–आधारित विकासको नयाँ युग शुरु हुन्छ।

# हेरफेर गरिएका समीक्षा र फुलाइएका अङ्कले विश्वसनीयतामा सङ्कट

करिब ६० अर्ब डलरको भारतीय बलिउड उद्योग अहिले गम्भीर विश्वसनीयता सङ्कटमा परेको छ। उद्योगभित्रका जानकारहरूका अनुसार हेरफेर गरिएको फिल्म समीक्षा, फुलाइएका बक्स अफिस तथ्याङ्क र नक्कली टिकट बिक्रीका दाबीहरूले दर्शकको धारणा विकृत बनाइरहेको छ, जसले अन्ततः टिकट बिक्रीमै नकारात्मक असर पारिरहेको छ।

स्ट्रिमिङ प्लेटफर्महरूले परम्परागत सिनेमालाई प्रतिस्पर्धामा पारेका छन्, तर उद्योग भित्रकै व्यक्तिहरू बलिउडका धेरै समस्या स्वयं उद्योग–प्रेरित हुन् भन्छन्। फिल्म रिलिज हुनुअघि नै 'सुपरहिट' घोषणा गर्ने प्रवृत्तिबाट लिएर प्रभावकर्ताहरूलाई भुक्तानीमा सकारात्मक समीक्षा लेखाउने प्रचलनसम्मका सबै कारणले दर्शकको विश्वास घट्दै गएको छ।

निर्माता तथा वितरक सुनील वाध्वाले भने, 'यदि तपाईंले प्रभावकर्ताहरू वा आलोचकहरूलाई संलग्न गर्नुभएन भने फिल्म राम्रो भए पनि उनीहरूले नराम्रै समीक्षा लेख्छन्। उल्टो, फिल्म कमजोर भए पनि निर्माता वा स्टुडियोले भुक्तानी गरे सकारात्मक समीक्षा आउने गर्छ।' उनका अनुसार यसले समीक्षाको विश्वसनीयता नै धराशायी बनाइरहेको छ।

व्यवसाय विश्लेषक तथा अनुभवी वितरक राज बंसलले हालका प्रारम्भिक समीक्षाप्रति दर्शकहरू अत्यन्तै शङ्कित भएको बताए। 'मिडियाले चार तारा दियो कि मानिसहरू मलाई म्यासेज गर्छन्—'सर, यसको अर्थ फिल्म राम्रो छैन रहेछ।' फिल्म साँच्चिकै राम्रो भए पनि उनीहरूले अब विश्वास गर्दैनन्,' उनले टिप्पणी गरे।

यस अविश्वासको प्रत्यक्ष असर बक्स अफिसमा देखिन थालेको उद्योग भित्रकै विशेषज्ञहरूको भनाइ छ। धेरै दर्शकले फिल्म रिलिजको पहिलो दिन नै हेर्न जाने परम्परा तोडेर 'साँचो प्रतिक्रिया' आउञ्जेल पर्खिन थालेका छन्, जसले उद्घाटन दिनको टिकट बिक्रीलाई ठूलो झड्का दिइरहेको छ। भित्री सूत्रहरूका अनुसार केही प्रभावकर्ताहरूले 'रेट कार्ड' नै तयार पारेका छन्—समीक्षा वा प्रचारका लागि भुक्तानीको निश्चित दर, जुन कमजोर प्रमोशन भएका फिल्महरूको लागि अझै महँगो पर्छ। यसलाई बढाउने अर्को अभ्यास भनेको निर्माताहरू आफैँले उद्घाटन–हप्तामा थोक टिकट खरिद गरी बक्स अफिस नम्बर कृत्रिम रूपमा बढाउनु हो।

जेम सिनेमाज, जयपुरका मालिक सुधीर कासलीवालले शाहरुख खानको एक चलचित्रका क्रममा सयौँ अनलाइन बुकिङ देखिए पनि हलमा थोरै दर्शक मात्र उपस्थित भएको अनुभव सुनाउँदै भने, 'यदि निर्माता, निर्देशक र कलाकारहरूले नै टिकट किनिरहने यो चलन जारी रह्यो भने बलिउडको भविष्य अत्यन्तै अन्धकार देखिन्छ। गलत सन्देश पठाइन्छ, दर्शक भ्रमित हुन्छन् र राम्रो सामग्री बिना उद्योग उठ्नै सक्दैन।'

हालैको विवाद अक्षय कुमार अभिनीत फाइटर–जेट एक्शन फिल्म 'स्काईफोर्स' सँग पनि जोडिएको छ। निर्देशकले ब्लक–बुकिङको आरोप अस्वीकार गरे पनि मुम्बईका एक अनुभवी व्यापार–विश्लेषकले यसको वास्तविक कलेक्सन करिब ६० लाख डलर रहेको, तर रिपोर्ट गरिएको रकम ९० लाख डलरभन्दा बढी रहेको दाबी गरे। 'अनलाइनमा घर–भरिएको देखिन्थ्यो तर धेरै हलहरू खाली नै थिए,' विश्लेषकले नाम नखुलाइकन भने।

बंसलका अनुसार मिडिया वा प्रभावकर्ताहरूका सामान्यतया 'सकारात्मक समीक्षाको खेल' नखेल्नेहरूलाई उद्योगबाटै हुत्याइने जोखिम बढेको छ। 'जब म कलेक्सन कमजोर भएको लेख्छु, कलाकार र निर्माताहरूले हटाइदिन आग्रह गर्छन्,' उनले सुनाए।

वितरक वाध्वाले सन् २०२५ को रोमान्टिक–कमेडी–हरर फिल्म 'थम्मा' को कलेक्सन पनि हेरफेर गरिएको दाबी गर्दै वास्तविक बिक्री करिब एक करोड ५० लाख डलर रहेको बताए, तर रिपोर्ट भने एक करोड ८० लाख डलरको गरिएको थियो। निर्देशक आदित्य सरपोतदारले भने आफ्नो संख्या 'सबैभन्दा सही' भएको जिकिर गर्दै निर्माता र व्यापारका कलेक्सन आँकडामा हल चलिरहेका बेला असान्दर्भिक भिन्नता हुन सक्ने बताए।

विज्ञहरूको चेतावनी स्पष्ट छ—बक्स अफिस तथ्याङ्कमा हेरफेर गर्नुको दीर्घकालीन असर गम्भीर हुन सक्छ। यो प्रवृत्तिले नयाँ प्रतिभाहरूका अवसर सङ्कुचित बनाउने, स्टारहरूको पारिश्रमिक अनावश्यक रूपमा बढाउने र उद्योगको विश्वसनीयता झनै खस्काउने जोखिम हुन्छ। 'दर्शक मूर्ख छैनन्, उनीहरू सत्य चिन्न जान्छन्,' वाध्वाले भने।

यता, स्ट्रिमिङ प्लेटफर्महरूले पनि आफ्नो रणनीति कडाइ गर्दै बक्स अफिस तथ्याङ्कको अडिट अनिवार्य बनाउन थालेका छन्। यसले निर्माताहरूलाई पारदर्शितातर्फ धकेलिरहेको छ। 'स्ट्रिमरहरू अब धेरै सावधान भइसके,' वाध्वाले भन्नुभयो। तर तिनै विशेषज्ञहरूको निष्कर्ष के छ भने यो चलन चाँडै रोकिइहाल्ने कुनै सङ्केत छैन। निर्माता तथा स्टुडियोहरूले 'टिकट किनेर नम्बर बढाउने भोक' छोड्ने दिन नआएसम्म बलिउडको यो आत्मघाती अभ्यास निरन्तर चलिरहने सम्भावना छ। एएफपी

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक रासस को नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# बेतन कर्णाली अर्धजलाशययुक्त जलविद्युत् परियोजनाको लगानी स्वीकृत



**काठमाडौँ।**
लगानी बोर्डले बेतन कर्णाली अर्धजलाशययुक्त जलविद्युत् परियोजना (४३९ मेगावाट) को लगानी स्वीकृत गर्ने भएको छ । अनुमानित लागत ९३ अर्ब ४० करोड ७६ लाख ३६ हजार रुपैयाँ बराबरको लगानी गरी परियोजना विकास सम्झौताको लागि वार्ता समिति गठन गर्ने निर्णय गरेको छ।

प्रधानमन्त्री एवम् लगानी बोर्डका अध्यक्ष सुशीला कार्कीको अध्यक्षतामा बसेको ६७ औँ बैठकले अर्धजलाशययुक्त जलविद्युत् परियोजना अगाडि बढाउने निर्णय गरेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ।

बैठकले गत आर्थिक वर्ष २०८१–८२ को लगानी बोर्डको कार्यालयको प्रगति समीक्षा गर्दै चालु आर्थिक वर्ष २०८२–८३ को वार्षिक कार्ययोजना स्वीकृतसमेत गरेको छ । साथै, तल्लो अरुण जलविद्युत् परियोजना (६६९ मेगावाट) को उत्पादन अनुमतिपत्रको मस्यौदा स्वीकृतगरी अनुमतिपत्र जारी गर्न लगानी बोर्डको कार्यालयका प्रमुख कार्यकारी अधिकृतलाई अख्तियारी प्रदान गरिएको छ।

बैठकले अरुण–३ जलविद्युत् परियोजना (९०० मेगावाट) को प्रत्यक्ष सम्झौता स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषदा प्रस्ताव पेश गर्ने निर्णय गरेको छ । पश्चिम सेती जलाशययुक्त जलविद्युत् परियोजना (८०० मेगावाट) को सर्वेक्षण अनुमतिपत्रको म्याद थप गर्ने निर्णय गरेको प्रधानमन्त्रीको कार्यालयले जनाएको छ।

बोर्ड बैठकले परियोजना विकासकर्ता कम्पनी ब्लेजपिक ग्लोबल ग्रुप लिमिटेड, हङकङद्वारा आव्हान नगरिएको प्रस्तावका रूपमा पेश भएको अटो सर्भिस इको–इन्डस्ट्रियल पार्क परियोजना (अनुमानित लागत रु १६ अर्ब) को विकास तथा सञ्चालनका लागि विस्तृत परियोजना प्रतिवेदन तयारी गर्न समझदारी गरी सर्वेक्षण अनुमतिपत्र प्रदान गर्न लगानी बोर्डको कार्यालयका प्रमुख कार्यकारी अधिकृतलाई अख्तियारी प्रदान गर्ने निर्णय गरेको छ।

लगानी बोर्डको कार्यालयका लागि चालु आर्थिक वर्ष २०८२–८३ का लागि आवश्यक विभिन्न सेवा, समूह र श्रेणीका पदहरूको अस्थायी दरबन्दी स्वीकृत गर्ने तथा सार्वजनिक–निजी साझेदारी तथा लगानी नियमावली, २०७७ को संशोधनको मस्यौदा स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष पेश गर्ने निर्णय गरेको छ।

बैठकमा अर्थमन्त्री तथा बोर्डका उपाध्यक्ष रामेश्वरप्रसाद खनाल, ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री कुलमान घिसिङ, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हा, मुख्यसचिव एकनारायण अर्याल, नेपाल राष्ट्र बैङ्कका गभर्नर डा विश्वनाथ पौडेल, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव राजकुमार श्रेष्ठलगायत उच्चपदस्थ अधिकारीहरूको उपस्थिति रहेको थियो। रासस

# चलचित्र विधेयकमा संशोधन आवश्यकः मन्त्री



**काठमाडौँ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले चलचित्र विधेयक, २०८१ अपुरो रहेकाले त्यसलाई संशोधन गर्नुपर्ने बताएका छन्।

उनले ५६ वर्षपछि आएको विधेयक समयसापेक्ष हुन नसकेको उल्लेख गर्दै आवश्यक संशोधनसहित चलचित्र विधेयकलाई अझ परिष्कृत र विवादरहित बनाउन राष्ट्रियसभाको विधायन समितिसमक्ष आग्रह गरे।

समितिको बुधवारको बैठकमा चलचित्र विधेयकमाथिको सैद्धान्तिक छलफलका क्रममा उनले विधेयकलाई दर्शक, निर्माता, नियमनकर्तालगायत सरोकारवाला पक्षबाट समेत हेर्दा आफूले १० प्रतिशत मात्र संशोधन भएको पाएको टिप्पणी गर्दै आवश्यक परे पुनर्लेखन गर्नुपर्ने धारणा व्यक्त गरे।

‘मैले चार वटा ‘लेन्स’ प्रयोग गरेर विधेयक अध्ययन गरे । पहिला दर्शक भएर हेरे यो विधेयक नेपाली जनता जसले सिनेमा हेर्छ। दोस्रो मैले सिनेमा बनाउने पक्षबाट हेरेँ, तेस्रो मैले यसलाई चाहिने सहजीकरण र नियमन गर्ने निकाय भएर हेरेँ र चौथो ग्लोबल ‘प्रस्पेक्टिभ’बाट हेरेँ,’ उनले भने, ‘यी चारै लेन्सबाट हेर्दा यो विधेयकमा ५६ वर्षपछि आएकोजस्तो संशोधन भएको छैन। यसलाई २० देखि ३० प्रतिशत पु¥याउन सकियो भने समय अनुकूल हुन्छ । आवश्यक परे ४० प्रतिशत नै पु¥याउनुपर्ने हो कि !’

मन्त्री खरेलले चलचित्र क्षेत्रमा नियमनभन्दा पहिला सहजीकरण र सुविधा दिनुपर्नेमा जोड दिए । चलचित्र कुन मन्त्रालयअन्तर्गत रहने भन्ने बहसमा मन्त्री खरेलले चलचित्र क्षेत्र स्वभाविक रूपमा सञ्चार, दृश्य–श्रव्य, प्रविधि र उत्पादनसँग जोडिने भएकाले सञ्चार मन्त्रालयकै मातहत राख्नुपर्ने तर्क राखे।

उनले सेन्सर बोर्डमाथि उठाइएका चिन्ता र चासोलाई सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गर्दै मौलिकपन र सर्जनशील पक्षको संरक्षण गर्नेगरी ‘सेन्सर’को प्रावधान राख्नुपर्नेमा जोड दिए । मुलुकको समसामयिक राजनीतिक प्रसङ्ग उल्लेख गर्दै नेपाल सरकारका प्रवक्ता समेत रहनुभएका सञ्चारमन्त्री खरेलले प्राप्त कार्यादेशबमोजिम आगामी फागुन २१ गते निर्वाचन गराउन सरकार प्रतिबद्ध रहेको स्पष्ट गरे।

तोकिएको समयमा निर्वाचन सम्पन्न गर्नेगरी आवश्यक तयारी गरिहेकाले त्यसमा सहयोग गर्न अनुरोध गर्दै मन्त्री खरेललेनिर्वाचनको वातावरण बनाउने सन्दर्भमा सरोकारवाला पक्षसँग चरणबद्धरुपमा छलफल गरिरहेको सरकारले राजनीतिक पार्टीहरूसँगको संवादलाई निरन्तरता दिनेक्रममा आज बैठक आयोजना गरेको जानकारी दिए।

प्रस्तावित चलचित्र विधेयकमाथि व्यक्तिगत र सामुहिक गरी १० वटा समूहमा छलफल गरिएको छ । सो विधेयकमाथि १८९ बुँदामा संशोधन परेको छ । यस समितिका सदस्यबाहेक २० जना अन्य सांसद्को संशोधन परेको समिति सचिव मनोजकुमार गिरीले जानकारी दिए।

समितिका सदस्य एवं संशोधनकर्ता रेणु चन्द, झक्कुप्रसाद सुवेदी, डा अन्जान शाक्य, कृष्णबहादुर रोकाय, तारामान स्वाँर, पदमबहादुर परियार र मदनकुमारी शाहलगायतले नेपाली चलचित्र उद्योग गम्भीर सङ्कटमा परेको उल्लेख गर्दै यसलाई मनोरञ्जन मात्र नभई सामाजिक रूपान्तरण, सांस्कृतिक प्रभाव र आर्थिक उद्यमको रूपमा हेर्नुपर्ने धारणा व्यक्त गरे।

कलाकारको जीवन कठिन बन्दै गएको, लगानीकर्ता निरुत्साहित भएको र प्रविधिको तीव्र विकाससँगै प्रतिस्पर्धा गर्न नसकेकोजस्ता मुद्दा सांसदहरूले उठाएका थिए। यसैगरी विदेशी चलचित्र छायाङ्कनका लागि सहजीकरण गर्न भइरहेको व्यावहारिक समस्यादेखि विधेयकमा अधिकार प्रत्यायोजनको विषयमाथि सांसदहरुले सैद्धान्तिक धारणा राखेका थिए। रासस

# उच्छृंखल गतिविधि भए सहायता कक्षमा जानकारी दिन अनुरोध

**काठमाडौँ।**
सरकारले जेन्जी आन्दोलनपछिको परिवर्तनसँगै समाजमा घट्ने र घट्न सक्ने उच्छृंखल गतिविधि भएमा वा कुनै समस्या परेमा गृह मन्त्रालयले स्थापना गरेको सहायता कक्षमा जानकारी दिन अनुरोध गरेका छन।

गृह मन्त्रालयका सूचना अधिकारी रवीन्द्र आचार्यले शान्ति सुरक्षा कायम गर्न र नागरिकको समस्या सम्बोधनका लागि उक्त अनुरोध गरिएको बताए।

उनले मन्त्रालयले सार्वजनिक गरेको सहायता कक्षको मोबाइल नम्बर ९८५१३६०६०३ मार्फत फोन, एसएमएस, ह्वाट्सएप, भाइबरबाट जानकारी दिन सकिने पनि बताए।

सूचनामा भनिएको छ, ‘जेन्जीद्वारा भएको प्रदर्शन पश्चात् विकसित घटनाक्रम र परिवर्तनसँगै समाजमा घट्ने र घट्नसक्ने उच्छृंखल गतिविधि भए–गरेको देखिएमा अथवा केही समस्या परेमा सोको सहजीकरण गर्न सहायता कक्ष गृह मन्त्रालयमा स्थापना गरिएको हुँदा आफ्ना सूचना, गुनासो, सल्लाह, सुझाव उक्त नम्बरमा फोन, एसएमएस, ह्वाट्सएप, भाईवरमार्फत जानकारी गराउनुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ।’ रासस

# कांग्रेसका युवा नेताहरुद्वारा ‘कांग्रेस सुधार अभियान’ शुरु

**काठमाडौँ।**
नेपाली कांग्रेसका युवा नेताहरुले कांग्रेस सुधार अभियान शुरु गरेका छन्।

नेपाली कांग्रेसमा आस्थावान ४० वर्ष मुनिका युवाले पार्टीभित्र युवाको सम्मानजनक सहभागिता प्रतिनिधित्व सुनिश्चित हुनुपर्ने माग गर्दै आज १०१ सदस्यीय कांग्रेस सुधार अभियान केन्द्रीय संयोजन समिति गठन गरेका हुन्।

पार्टीभित्र आमूल सुधार र रूपान्तरणका लागि पार्टीका हरेक तह र पार्टीका तर्फबाट तीनवटै तहमा हुने निर्वाचनमा ४० वर्षमुनिका ४० प्रतिशत युवाको प्रतिनिधित्व सुनिश्चितताका लागि दबाब दिन संयोजन समिति गठन गरिएको नेपाल विद्यार्थी सङ्घका पूर्व कोषाध्यक्ष शिव रिमालले जानकारी दिए।

समितिले खबरदारी गर्दै सुशासन कायम गर्न, पार्टीका तर्फबाट हरेक निकायको निर्वाचनमा उम्मेद्वार छनोट गर्दा ‘प्राइमरी इलेक्सन’को व्यवस्था गराउनसमेत माग गरेको छ।

पाटीभित्र विधानको संशोधन, लोकतन्त्रको संरक्षण, सम्वद्र्धनका लागि खबरदारी, नयाँ बहस र पैरवीका लागि शुरुआती चरणमा प्रतिनिधिमूलक रुपमा समिति गठन गरिएको रिमालले बताए। रासस

# जनताका काम छिटो र सहज अनिवार्यः मुख्यमन्त्री

**लुम्बिनी।**
लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सेवाप्रवाह छिटो र व्यवस्थित बनाउन सङ्घ, प्रदेश र स्थानीय तीनै तहका सरकारले समान रूपमा ध्यान दिनुपर्ने बताएका छन्।

गाउँपालिका राष्ट्रिय महासङ्घ नेपाल लुम्बिनी प्रदेश समितिका पदाधिकारीसँग आज मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा भएको छलफलमा उनले जनतासँग प्रत्यक्ष सम्बन्धित काममा छिटो र सहज अनिवार्य रहेको बताए।

उनले भने, ‘सुशासनलाई मुख्य लक्ष्य बनाएर सेवा प्रवाह सुधार गर्न प्रदेश सरकार निरन्तर प्रयासरत छ । यसमा स्थानीय सरकारले पनि आफ्ना कार्यक्रम बनाउन आवश्यक छ।’

प्रदेश सरकारले चालु आर्थिक वर्षमा विनियोजन गरेको बजेटमा २० प्रतिशत कटौती गर्ने निर्णय गरे पनि स्थानीय तहमा पठाइने समपुरक, विशेष र समानीकरण अनुदानमा कटौती नहुने उनले स्पष्ट पारे।

जेन्जी आन्दोलनका क्रममा स्थानीय तहका कार्यालयमा भएको आगजनी र त्यसले पारेको प्रभावबारे पनि छलफल भएको छ।

गाउँपालिका राष्ट्रिय महासङ्घ नेपाल लुम्बिनी प्रदेश कार्यसमितिले मुख्यमन्त्रीलाई बुझाएको ध्यानाकर्षण पत्र बुझाएको छ । सो पत्रमा प्रदेश–स्थानीय समन्वय परिषद्को बैठक तत्काल बोलाउन आग्रह गरिएको छ।

महासङ्घले पछिल्लो राजनीतिक अवस्थाले तीन तहबीच सहकार्यको आवश्यकता अझ बढेको उल्लेख गर्दै विभिन्न मागहरू अघि सारेको छ। महासङ्घले प्रदेश समन्वय परिषद्को बैठक मिति छिटो टुङ्गो लगाउन, प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्ध मजबुत बनाउने कदम चाल्न, भदौ २३ र २४ गतेका घटनाबाट भएका क्षतिको पुनःनिर्माण योजना बनाउन तथा प्रदेश र स्थानीय शासन सवलीकरण कार्यक्रममा उपलब्ध स्रोतसाधन प्रभावकारी रूपमा प्रयोग गर्न अनुरोध गरेको छ।

ध्यानाकर्षण पत्र बुझाउन महासङ्घका तर्फबाट गाउँपालिका महासङ्घका अध्यक्ष विष्णुकुमार गिरी, सचिव झगबहादुर विश्वकर्मा, कोषाध्यक्ष तुल्सीराम पुन मगरलगायतका पदाधिकारी तथा सदस्यहरूको उपस्थित थियो।रासस

# पार्टी छाडेर जाँदैमा रास्वपा खेदो खन्दैनः झा

**काठमाडौँ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रवक्ता मनिष झाले नख्खु कारागारमा पुगेर पार्टी सभापति रवि लामिछानेलाई नभेटेका पूर्वनेता सन्तोष परियारप्रति असन्तुष्टि प्रकट गरेका छन् ।

हालै एक अन्तर्वार्तामा परियारले ‘समय नमिलेर भेट हुन नसकेको’ बताएका कुरापछि प्रवक्ता झाले त्यसप्रति आपत्ति जनाएका हुन् । पार्टी केन्द्रीय कार्यालय वनस्थलीमा पत्रकारहरूसँग कुरा गर्दै उनले परियारले भेटवार्ता अघि कुनै सल्लाह–समन्वय नगरेको गुनासो गरे ।

उनका अनुसार परियार धनगढी वा रुपन्देहीजस्तै टाढाको कारागारमा पुगेका भए बुझ्न सकिन्थ्यो, तर नख्खु कारागार पार्टी कार्यालयबाट करिब चार किलोमिटर दूरीमै हुँदा पनि सभापतिसँग भेट गर्न नजानु अस्वाभाविक रहेको उनको तर्क छ ।

झाले भने, ‘गर्ने–नगर्नेबारे मसँग सल्लाह गर्न सकिन्थ्यो । आवश्यकै ठान्नुभएन । चार किलोमिटर टाढा हुनुहुन्छ, तर जानुभएन, भेट्नुभएन । पार्टीका उपसभापति डा. स्वर्णिम वाग्ले हिजो मात्रै गएर साढे तीन घण्टा भेटेर आएको उदाहरण हाम्रै सामु छ । परियारलाई पनि पर्याप्त समय पाउने अवस्था थियो ।’

उनले परियारले कुनै स्टुडियोको कार्यक्रममा सदाशयता देखाइरहनुपर्ने थिएन भन्दै, रास्वपामा कसैले पार्टी छोड्यो भन्दैमा बदनाम गर्ने प्रवृत्ति आफूहरूले अँगाल्ने नसक्ने स्पष्ट गरे । ‘सुमनाजीको प्रसंगमा पनि हामीले मानमर्दनको राजनीति गरेका थिएनौँ,’ उनले जोड दिए ।

केही दिनअघि मात्र प्रमुख सचेतक बनेका सन्तोष परियारले पार्टी परित्यागको पत्र बुझाएका थिए ।

# जेन्जीको नाममा माओवादी र राजावादीको तोडफोडः बस्नेत

**काठमाडौँ।**
नेकपा एमालेका नेता महेश बस्नेतले बाराको सिमरास्थित विमानस्थललगायत स्थानमा जेन्जी प्रकरणलाई लिएर माओवादी र राजावादी समूहले तोडफोड गरेको आरोप लगाएका छन्। राष्ट्रिय युवा संघ नेपाल, एमाले निकट संगठन, द्वारा आयोजित युवा भेलामा बोल्दै उनले आफूलाई कार्यक्रममा जान नदिन उद्देश्यपूर्वक केही समूह सक्रिय भएको दाबी गरे।

बस्नेतका अनुसार करिब २५–३० जनाको समूह—जसमा माओवादी, राजावादी तथा अन्य शक्तिका कार्यकर्ता रहेको आरोप लगाइयो—ले सिमरा एयरपोर्टमा अवरोध सिर्जना गर्न र एमालेविरुद्ध विपक्षी भावनालाई भड्काउन तोडफोड गरेको बताइयो।

पत्रकारहरुसँग कुरा गर्दै उनले लोकतान्त्रिक पद्धति नै असह्य लाग्ने समूहले एमालेको कार्यक्रमा अवरोध गर्न खोजेको टिप्पणी गरे। उनले भने, ‘जेन्जीको नाममा एमाले कमजोर भएको हो भन्ने सोच राख्नेहरू नै यस्तो काममा उत्रिएका जस्तै देखिन्छन् । मधेसमा एमालेको नेतृत्व स्थापित भएको कुराले धेरैलाई मन परेन। राष्ट्रिय झण्डा तल झारेर र विभिन्न तोडफोड गरेर विरोध जनाइयो । पत्रकार मित्रहरूले यसबारे गम्भीर छानबिन गर्नुपर्छ।’

उनका अनुसार सिमरामा पाँच दल मिलेर माओवादी पक्ष विजयी भए पनि आगामी पटक यस्तो परिणाम नदोहोरिने दाबी गर्दै बस्नेतले राप्रपाको भूमिकासमेत उल्लेख गरे । ‘त्यहाँ २५–३० जना मिलेर गेट भत्काए, फोटोमा लाठी प्रहार गरे। स्थानीय युवाहरूले पनि यो लोकतान्त्रिक पद्धतिविरुद्ध भएको भन्दै रोक्न प्रयास गरे,’ उनले बताए । बस्नेतले वर्तमान सरकारले चुनाव नगराउने मनसाय राखेको जस्तो संकेत देखिन थालेको आरोप पनि लगाए।

# गहुँ छर्ने समयमा किसानलाई मल अभाव



**कैलाली ।**
कैलालीको घोडाघोडी नगरपालिका–३ की काजल चौधरी सहकारी संस्थामा मल आयो भन्ने खबर सुन्नासाथ हतार–हतार दौडिन्छन् । जुरपानीस्थित इभरग्रिन कृषि सहकारी संस्थाबाट रासायनिक मल पाउने आशामा उनले अहिलेसम्म चार पटकभन्दा बढी लाइन बसिसकेका छन्।

बिहानै ४ बजेदेखि सैयौँ कृषकसँगै लाइन बस्ने उनको पालो भने अझै आएको छैन। 'जतिपटक आएँ, पनि मल पाउनै गाह्रो भयो, लाइन बस्दा बस्दै फर्कनुपर्छ,' उनले दुःखेसो पोखे।

उनसँगै घोडाघोडी–३ की सीता चौधरी पनि मलका लागि पटकपटक लाइन बसेर थाकिसकेका छन् । धेरै पटकको प्रयासपछि उनले बल्लतल्ल एक बोरा युरिया मल हात पारे। एक बिघाभन्दा बढी जमिनमा गहुँ लगाउने योजना बनाएकी सीताले भनिन्, 'तीन बोरा डीएपी र दुई बोरा युरिया चाहिन्छ, तर सहकारीले एक बोरा युरिया मात्रै दिएको छ, एक बिघामा त छरिसके, अझै आठ कट्ठा खेतमा गहुँ छनर् बाँकी छ।'

घोडाघोडी नगरपालिका–१ स्थित चुरे कृषक सहकारी संस्थामा मल आउने बित्तिकै किसानहरुको भीड लाग्ने गर्छ । सहकारीले तोकेको परिमाणभन्दा बढी मल नपाइने, बिहान सबेरैदेखि लाइन बस्नुपर्ने, कहिले मालसामान नआएको भन्दै फर्काइने जस्ता समस्या कृषकले भोगिरहेका छन् । कतिपय किसान त मल नपाएरै गहुँ छन र् बाध्य भएका छन्।

घोडाघोडी नगरपालिका–३ का ज्ञानु चौधरीले मलविना नै गहुँ छरिसक्नु भएको छ । 'समयमै गहुँ छर्नपर्‍यो, मलको आस गर्दै बस्दा ढिला हुने भयो,' उनले भने।

ज्ञानुले जस्तै घोडाघोडी–८ का डम्बर विष्टले मलविना नै गहुँ छरे। जसोतसो सहकारीमा लाइन लागेर आज बल्ल पाएको उनले सुनाए । अहिले धेरै किसान मलको आशामा बसिरहेका छन्। गहुँ छर्ने मुख्य समय बित्दै जाँदा किसानको चिन्ता झन् बढ्दो छ । समयमै मल नपाउँदा उब्जनीमा असर पर्छ भन्ने चिन्तामा किसान छन् । युरिया मलको अभाव रहेपनि डिएपी मल धेरै जसो किसानहरुले पाइसकेका छन्।

समयमै गहुँ नछर्दा उत्पादन घट्ने सम्भावना हुने घोडाघोडी नगरपालिका कृषि शाखा प्रमुख जनक धामी बताउँछन् । उनका अनुसार प्राविधिक हिसाबले तोकिएको समयमा बीउ नछरिँदा गहुँको बालामा दाना कम लाग्ने, बिरुवा राम्रोसँग नबढ्ने र कूल उत्पादनमा गिरावट आउने सम्भावना रहन्छ।

कैलालीमा गहुँ छनर् समय एक साता बाँकी छ। धेरै किसानले गहुँ रोप्नुअघि नै युरिया मल हाल्नुपर्छ भन्ने गलत धारणा राख्ने गरेको धामीको बुझाइ छ । युरियामा पाइने नाइट्रोजन डिएपीमा १८ प्रतिशत हुन्छ । त्यसैले शुरुमा डिएपी मल भए पुग्ने उनले बताए।

धामीका अनुसार गहुँ रोप्ने शुरुवातमा पोटास मल प्रयोग गर्नु राम्रो हुन्छ । पोटासले गहुँको जरा बलियो बनाउने, बिरुवा स्वस्थ राख्ने र बीउको अङ्करण राम्रो बनाउन सहयोग गर्छ । तर किसानहरू प्रायः शुरुवातमै युरिया खोज्छन्, जसको अभावका कारण गहुँ छनर् ढिलाइ गर्छन्।

सुदूरपश्चिम प्रदेशको कैलाली र कञ्चनपुरका धेरै स्थानीय कृषि निर्भर छन् । सरकारले कृषिमा क्रान्ति ल्याउने अवधारण सार्वजनिक गरिरहँदा सुदूरपश्चिम प्रदेशका किसानलाई भने अझै पनि रासायनिक मल पाउनै सकस छ।

यस वर्ष मात्रै होइन हरेक वर्ष यहाँका किसानहरूले समयमै पर्याप्त मल पाउन सक्दैनन्। डिएपी मल पाए पनि युरिया मल पाउँदैनन्। जसका कारण किसानहरू ढिलो गहुँ छनर् गर्छन्।

सुदूरपश्चिममा साल्ट ट्रडिङ कर्पोरेसनले ३० प्रतिशत र कृषि सामग्री केन्द्र लिमिटेड धनगढीले ७० प्रतिशत मल वितरण गर्दै आएका छन्\ । तर, दुवै निकायबाट किसानले पर्याप्त मल पाउन सकेका छैनन्।

सुदूरपश्चिम प्रदेशमा केन्द्रबाट आएको मलमध्ये कैलालीमा ५४, कञ्चनपुरमा ३४ प्रतिशत र बाँकी अन्य जिल्लाका वितरण गर्ने गरेको साल्ट टे«डिङ कर्पोरेसन धनगढीका कार्यालय प्रमुख तेजबहादुर कुँवर बताउछन्।रासस

# बागमतीमा पुँजीगत खर्च निराशाजनक



**बागमती ।**
बागमती प्रदेशको पुँजीगत खर्चमा उल्लेखनीय वृद्धि हुन सकेको छैन । चालु आर्थिक वर्षको प्रथम चार महिनामा कुल बजेटको सात दशमलव २७ प्रतिशत मात्र खर्च भएको छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालयका सूचना अधिकारी सुरज पौडेलका अनुसार चालु आवका लागि प्रदेश सरकारले ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजार रुपैयाँको बजेट ल्याएकामा चार महिनामा कुल बजेटको सात दशमलव २७ प्रतिशत अर्थात् चार अर्ब ९० करोड ३५ लाख ८६ हजार रुपैयाँ खर्च भएको छ ।

विनियोजित बजेटमध्ये सबैभन्दा बढी प्रदेशसभा सचिवालयले २७ प्रतिशत, प्रदेश लोकसेवा आयोगले २० दशमलव ९२ प्रतिशत, मुख्य न्यायाधीवक्ताको कार्यालयले १८ प्रतिशत, प्रदेश नीति तथा योजना आयोगले १६ दशमलव ९१ प्रतिशत, श्रम, रोजगार तथा यातायात मन्त्रालयले १६ दशमलव ६३ प्रतिशत र स्वास्थ्य मन्त्रालयले १६ दशमलव ३७ प्रतिशत बजेट खर्च गरेको छभने सबैभन्दा कम संस्कृति तथा पर्यटन मन्त्रालयले एक दशमलव १४ प्रतिशत बजेट खर्च गरेको छ ।रासस

# खरिद कोटा कम हुँदा किसानलाई खाद्यमा धान बेच्न समस्या



**कञ्चनपुर ।**
सरकारले तोकेको न्यून कोटाका कारण किसानले खाद्य व्यवस्था तथा व्यापार कम्पनीलाई धान बिक्री गर्न पाएका छैनन्।

कम्पनीले महेन्द्रनगरमा पाँच हजार क्विन्टल मात्रै धान खरिदको कोटा पाएको छ। कोटा पूरा भएपछि खाद्यले किसानको धान खरिद गर्न बन्द गरेपछि समस्यामा परेका हुन्। कञ्चनपुरको दोधारा चाँदनी नगरपालिकाका हेमराज खड्काले धान बिक्रीका लागि व्यापार कम्पनी महेन्द्रनगरमा तीनपटक धाए पनि बिक्री गर्न नसकेको बताए। 'शुरुमा मङ्सिर ३ गतेसम्मको टोकन बाँडिसक्यो पछि आउनु भनियो।

आज खाद्यले खरिद कोटा पूरा भइसक्यो भनेर टोकन दिइएन,' उनले भने, 'खाद्यमा बिक्री गर्न पाए राम्रो मूल्य पाइन्छ, बाहिर व्यापारीलाई सस्तोमा बिक्री गर्नुपर्ने बाध्यता छ।'

उनजस्तै धान बिक्रीका लागि टोकन माग्दै किसानहरू दिनहुँ खाद्य कम्पनीको कार्यालयमा पुगिरहेका छन्। 'खाद्यले धान खरिद नगर्ने बाहिर व्यापारीले किसानलाई मूल्य नदिने, हामी जहिल्यै मार्कामा पर्छौं,' किसान विष्णु पन्तले भने, 'धान बिक्री गर्न नपाउँदा घरमा भण्डार गरेर राख्नसमेत समस्या भएको छ।'

खाद्य व्यवस्था तथा व्यापार कम्पनीले आजसम्म (मङ्सिर ३ गते) का लागि एक साताअघि नै टोकन वितरण गरिसकिएको जनाएको छ। कम्पनीका प्रमुख महिकिरण महराले पाँच हजार क्विन्टल मात्रै धान खरिदको कोटा पाएकाले सोभन्दा बढी खरिद गर्न नसकिएको बताए।

'विगतका वर्षहरूमा १५ हजार क्विन्टल धान खरिद गर्ने कोटा थियो, कम किसान आए,' उनले भने, 'यस पटक कोटा कम छ। कोटा नबढेसम्म धान खरिद गर्न सकिँदैन।'

उनका अनुसार हालसम्म २ सय १४ किसानले धान बिक्रीका लागि नाम टिपाएका छन्।

'गत वर्ष कोटाअनुसार धान खरिद नभएपछि हामीले बाहिरबाट चामल खरिद गर्नुपर्‍यो, चामल महँगो भएकाले अहिलेसम्म बिक्री हुन सकेको छैन,' प्रमुख महराले भने।

खाद्यले बजारको तुलनामा राम्रो मूल्य दिइरहेकाले किसानहरू यहाँ धान बिक्री गर्न आकर्षित भएका हुन्। अहिले बजारमा व्यापारीले प्रतिक्विन्टल दुई हजार ४ सय रुपैयाँ–दुई हजार ५ सय रुपैयाँसम्ममा धान खरिद गरिरहेका छन्।

खाद्यले प्रतिक्विन्टल मोटो तीन हजार ४ सय ६३ रुपैयाँ र मध्यम तीन हजार ६ सय ८८ रुपैयाँ मा खरिद गरिरहेको छ। गत वर्ष खाद्यले महेन्द्रनगरमा १५ हजार क्विन्टल धान खरिदको कोटा पाएको थियो । त्यतिबेला तीन हजार ३ सय रुपैयाँ क्विन्टल मात्रै खरिद भएकाले यसपटक कोटा घटाइएको खाद्य व्यवस्था तथा व्यापार कम्पनीले जनाएको छ। रासस

# तनहुँमा एक करोड बराबरको धानबालीमा क्षति



**तनहुँ ।**
हालैको वर्षाले तनहुँमा एक करोड रुपैयाँ बराबरको धानबालीमा क्षति भएको छ । कृषि ज्ञान केन्द्रकाअनुसार जिल्लाको धानबालीमा एक करोड तीन लाख ७३ हजार पाँच सय ४१ रुपैयाँ बराबरको क्षति भएको छ ।

जिल्लाका घिरिङ, म्याग्दे, आँबुखैरेनी गाउँपालिका र व्यास नगरपालिकाको तीन सय तीन मेट्रिक टन धानमा क्षति पुगेको छ ।

घिरिङमा चार लाख ८६ हजार रुपैयाँ, म्याग्देमा १४ लाख ६० हजार रुपैयाँ, आँबुखैरेनीमा २६ लाख ८२ हजार ९ सय ४३ रुपैयाँ र व्यास नगरपालिकामा ५७ लाख ४४ हजार ५ सय ९७ रुपैयाँको क्षति भएको हो ।

घिरिङमा ९.८ हेक्टरमा १८.२ मेट्रिक टन, म्याग्देमा १०.६२ हेक्टरमा ४२.१६ मेट्रिक टन, आँबुखैरेनीमा १९.५१ हेक्टरमा ७७.४७ मेट्रिक टन र व्यास नगरपालिकामा ९५.८ हेक्टरमा १६५.८८ मेट्रिक टन धानमा क्षति भएको छ ।

तनहुँका विभिन्न भागका आठ हजार ७ सय २० हेक्टरमा धानखेती हुने गरेको छ । केन्द्रका अनुसार आव २०८०–८१ मा सात हजार ६ सय ४२ हेक्टरमा खेती गरिएकामा आठ हजार ७ सय २० मेट्रिक टन धान उत्पादन भएको थियो ।

तनहुँमा राधा, सावित्री रामधान, सुगन्ध मसिनो, अनदी, सुनौलो सुगन्ध, मकवानपुरलगायतका धानखेती हुने गरेको छ । जिल्लाका तनहुँसुर, सेपाबगैंचा, कलेस्ती, पुर्कोट, गजरकोटको अत्रौली, आँबुखैरेनी, साँगेलगायत क्षेत्र धानखेतीका लागि प्रख्यात छ ।

तनहुँमा खेतीयोग्य जमिनको क्षेत्रफल ६५ हजार ६१ हेक्टर छ । एकाउन्न हजार ५ सय १० हेक्टरमा मात्र खेती भइरहेको छ ।रासस

# ७२ करोडभन्दा बढी राजस्व सङ्कलन

**दाङ।**
आन्तरिक राजस्व कार्यालय तुलसीपुरले चालु आर्थिक वर्षको चार महिनामा ७२ करोड १६ लाख ३७ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ । कार्यालयले साउनदेखि कात्तिक मसान्तसम्ममा ८९ करोड ९१ लाख ६१ हजार रुपैयाँ राजस्व सङ्कलनको लक्ष्य रहेकामा ७२ करोड १६ लाख ३७ हजार रुपैयाँ सङ्कलन गरेको हो।

कार्यालयका कर अधिकृत उपेन्द्र पुन मगरका अनुसार राजस्व सङ्कलन लक्ष्यको तुलनामा ८० दशमलव २५ प्रतिशत सङ्कलन भएको हो। गत वर्षको सोही अवधिमा कार्यालयले ७० करोड ३८ लाख ५८ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको थियो।

यस वर्षको चार महिनामा लक्ष्यअनुसार राजस्व सङ्कलन हुन नसक्नुमा आयकरतर्फ उल्लेख्य संख्यामा करदाताबाट विवरण पेस गर्न बाँकी हुनु, जेन्जी आन्दोलनका कारण कार्यालयमा क्षति भएपछि सेवा प्रभावित हुनु, मालपोत कार्यालयमा पनि क्षति भई पुँजीगत लाभकरमा उल्लेख्य कमी आउनुलगायत कारण रहेका प्रमुख कर अधिकृत श्रीधर टण्डनले जानकारी दिए।

उनका अनुसार पुँजीगत खर्चमा आएको न्यूनतम, ब्याजदर घट्न गई ब्याज कर घट्नु, आन्दोलनबाट यस कार्यालयमा क्षति पुगेपछि सेवाको पुनःस्थापना तथा कार्यालय व्यवस्थापनमा केन्द्रित हुनुपरेकाले राजस्व सङ्कलनसम्बन्धी प्रवद्र्धनात्मक तथा निरोधात्मक क्रियाकलापमा तीव्रता दिन नसकिनुलगायत कारण रहेका छन्।

गत आव २०८१–८२ मा तीन अर्ब १४ करोड ८६ लाख रुपैयाँ राजस्व सङ्कलनको लक्ष्य रहेकामा दुई अर्ब ९४ करोड २४ लाख रुपैयाँ सङ्कलन भएको कार्यालयले जनाएको छ। यो आव २०८०–८१ को तुलनामा ५४ करोड ६० लाख रुपैयाँ बढी हो।

चालु आवको बाँकी अवधिमा सरोकार भएका निकायसँग समन्वय गरी प्रभावकारी करदाता शिक्षामार्फत स्वेच्छिक कर सहभागिता अभिवृद्धि, आर्थिक ऐन, २०८२ ले प्रदान गरेका छुट सुविधाको प्रचारप्रसार, राजस्व चुहावट तथा कर छलीको नियन्त्रण, बक्यौता कर असुलीलगायत क्रियाकलापलाई जोड दिँदै कार्यालयको वार्षिक राजस्व सङ्कलनको लक्ष्य हासिल गर्न प्रतिबद्ध रहेको प्रमुख कर अधिकृत टण्डनले जानकारी दिए।

त्यस्तै आर्थिक ऐन, २०८२ ले गत चैत मसान्तसम्मको मूल्य अभिवृद्धि कर विवरण तथा कर बुझाउन बाँकी करदाता, अन्तशुल्क विवरण तथा अन्तशुल्क बुझाउन बाँकी करदाता, संस्थादर्ता ऐन, २०३४ बमोजिम दर्ता भएका सामुदायिक अस्पताल वा स्वास्थ्य संस्था वा यातायातसम्बद्ध सङ्घसंस्थालाई कर कार्यालयबाट गत जेठ १५ गतेभन्दा अघि कर निर्धारण भई बक्यौता रहेका करदाता, आय विवरण पेस नगरेको अवस्थामा कर कार्यालयबाट कर निर्धारण गरिएका करदातालगायतलाई लक्षित गरी विभिन्न छुट सुविधा घोषणा गरेको उनले बताए। उनका अनुसार सोसम्बन्धी सूचना कार्यालयले विभिन्न सञ्चारमाध्यमबाट प्रचारप्रसार गरिरहेको छ।

उक्त छुट सुविधा उपलब्ध हुने अवधि आगामी पुस मसान्तसम्म मात्र भएकाले उल्लिखित मापदण्डभित्र पर्ने करदाताले यथाशीघ्र सुविधा लिन कार्यालयका प्रमुख प्रमुख कर अधिकृत टण्डनले अनुरोध गरे। छुट सुविधाका सम्बन्धमा आफ्ना सदस्यलाई जानकारी गराइदिनुहुन जिल्लामा क्रियाशील उद्योग वाणिज्य सङ्घ, चेम्बर अफ कमर्सलगायत सरोकार भएका निकायलाई आग्रह गर्दै उनले आवश्यक प्रचारप्रसार गरिदिएर समन्वय गर्न सञ्चारमाध्यम तथा सञ्चारकर्मीमा अनुरोध गरे।

यहाँबाट प्रदान गरिने सेवालाई सरल, सहज, गुणस्तरीय र सेवाग्राहीमैत्री बनाउन कार्यालय क्रियाशील रहेको टण्डनले बताए । कर भुक्तानी, कर विवरण दाखिला, करचुक्ता प्रमाणपत्र, विवरण अद्यावधिकलगायत सेवाहरू अनलाइन प्रणालीमार्फत प्राप्त गर्न सकिने व्यवस्था कार्यान्वयनमा रहेको उनले जानकारी दिए।

प्रमुख कर अधिकृत टण्डनका अनुसार सेवा लिन आउने सेवाग्राहीलाई सहजीकरण तथा न्यूनतम शुल्कमा फाराम भरिदिने व्यवस्थाका लागि तुलसीपुर उद्योग वाणिज्य सङ्घबाट कार्यालयसँगको सहकार्यमा करदाता सहायता कक्ष सञ्चालन गरिएको छ।

'राजस्व बुझ्नका लागि कार्यालयमा ग्लोबल आइएमइ बैंकको बैंक काउण्टर सञ्चालनमा छ। कार्यालय तथा कार्यालयको सेवा प्रवाहका सम्बन्धमा जानकारी दिन सूचना अधिकारी तथा यथोचित गुनासो सम्बोधनका लागि गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ,' उनले भने।

लुम्बिनी प्रदेशअन्तर्गत दाङ, पूर्वी रुकुम, रोल्पा, प्युठानमा व्यावसायिक स्थायी लेखा नम्बर लिएका ४३ हजार ३९, व्यक्तिगत लेखा नम्बर लिएका एक लाख २४ हजार ६ सय ९८ र संस्थागत स्थायी नम्बर लिएका ७ सय ६६ करदाता रहेका कर अधिकृत पुनले जानकारी दिए।

जेन्जी आन्दोलनका कारण कार्यालयका तीनवटै भवन, सवारीसाधन जलेर नष्ट भएपछि केही दिन सेवा अवरुद्ध भएको थियो।

केही दिनपछि तुलसीपुर उद्योग वाणिज्य सङ्घको कार्यकक्षबाट सेवा सञ्चालन ग्रिएकामा हाल श्री त्रिसिद्देश्वरी मन्दिर तुलसीपुरको धर्मशाला भाडा लिएर त्यहाँबाट सेवा प्रवाह भइरहेको छ।रासस

# क्यासिनोलाई थप कानूनी दायरामा ल्याइँदै १२ बुँदे निर्देशन

**काठमाडौँ ।**
सरकारले व्यावसायिक मनोरञ्जनात्मक क्षेत्रका रुपमा रहेको क्यासिनोलाई थप कानूनी दायरामा ल्याउने उद्देश्यका साथ विभिन्न १२ बुँदे निर्देशन जारी गरेको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मातहतको पर्यटन विभागले हाल सञ्चालनमा रहेका सबै क्यासिनोलाई सम्पत्ति शुद्धीकरण निवारण ऐन र त्यसका सबै व्यवस्थाको पूर्ण परिपालनामा जोड दिएको छ ।
विभागले क्यासिनो व्यवसायीलाई जारी गरेको निर्देशन एवम् सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी निर्देशनको पूर्ण परिपालनामा जोड दिएको छ ।
नेपाल राष्ट्र बैंकबाट विदेशी परिवर्त्य मुद्रा कारोबारको इजाजत नलिई विदेशी मुद्राको कारोबार गर्न नहुने विषयलाई विभागले स्मरण गराएको छ । क्यासिनो नियमावली, २०८२ र सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा पर्यटन विभागबाट क्यासिनो व्यवसायीलाई जारी गरेको निर्देशन बमोजिमको विवरण नियमित रुपमा विभागमा पेस गर्नु पर्ने भएको छ । क्यासिनो खेलाडीको ग्राहक पहिचान प्रणाली, बायोमेट्रिक विवरणहरु तोकेअनुसार अध्यावधिक गरी विभागले माग गरेको अवस्थामा उपलब्ध गराउनुपर्ने, क्यासिनो स्थलमा हुने सबै गतिविधि रेकर्ड गर्ने गरी सिसिटीभी क्यामेराको अभिलेख कम्तीमा छ महिना सुरक्षित राखेका छन् ।
तेस्रो पक्षसँग सम्झौता गरी वा अन्य कुनै तरिकाबाट क्यासिनो सञ्चालन गर्न नपाइने, इजाजत लिएको स्थानमा बाहेक अन्य कुनै पनि स्थानमा सञ्चालन गर्न पूर्ण रुपमा प्रतिबन्ध लगाइएको छ ।
खेलाडीले क्यासिनोबाट जितेको रकम भुक्तानी गर्नुअघि त्यस्तो खेलाडीले जितेको रकमबाट प्रचलित कानून बमोजिम तत्काल आकस्मिक लाभकर अग्रीम रुपमा कट्टी गर्नुपर्नेछ ।
आकस्मिक लाभकर कट्टी गरेपछि इजाजत प्राप्त कम्पनीले खेलाडीलाई आकस्मिक लाभ कर कट्टी गरेको प्रमाणपत्र लिई त्यसको विवरण तत्काल सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पठाउनुपर्ने र सो को जानकारी विभागमा समेत दिनुपर्नेछ । यस्तै, इन्टरनेटमा आधारित वा अनलाइन माध्यमबाट कुनै पनि खेल खेलाउन प्रतिबन्ध हुनेछ । क्यासिनो तथा होटल परिसर भित्र तथा बाहिर प्रर्याप्त सुरक्षाको प्रत्याभूति गराउनुपर्नेछ । यस्तै, नेपाल ग्रे लिष्टबाट बाहिरिने शीघ्र सुधारात्मक क्रियाकलापको विस्तृतीकरण, २०८२ बमोजिम जोखिमको आधारमा क्यासिनो अनुमगन अनुगमन गर्दा दुरुस्त नपाइएमा तत्काल कानून बमोजिम कारवाही हुनेछ ।रासस

# ५२५ परिवारले पाए जस्तापाताको छानो



**भोजपुर ।**
नागरिकको फुसको छानो हटाउने अभियानअन्तर्गत भोजपुरको पौवादुङ्मा गाउँपालिकाले ५२५ परिवारलाई जस्तापाताको छानो वितरण गरेको छ । गाउँपालिकाले आफ्नै बजेटमा यहाँका गरिब विपन्न तथा आर्थिक रुपमा कमजोर परिवारलाई जस्तापाताको छानो वितरण गरेको हो ।
गाउँपालिकाले फुसको छानो हटाउने 'कार्यविधि' तयार गरेर जस्तापाताको छानो वितरण गरिरहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले जानकारी दिए । गाउँपालिकामा आवेदन दिएका ६ सय ९९ घरमध्ये हालसम्म ५ सय २५ परिवारको छानो फेरिसकेको उनले जानकारी दिए ।
यस वर्षसम्म सबै परिवारको छानो फेर्ने काम सम्पन्न हुने उनले जानकारी दिए । यस वर्षका लागि एक करोड २० लाख रुपैयाँ बराबरको बोलपत्र आह्वान भइसकेको छ । हालसम्म छानो फेर्नको लागि गाउँपालिकाले दुई आर्थिक वर्षमा गरी दुई करोड ५० लाख रुपैयाँ खर्च गरिसकेको उनले बताए । गाउँपालिकाभित्रका मापदण्डमा परेका मध्येबाट छ वटै वडाका गरिक, विपन्न, ज्येष्ठ, एकल महिला तथा दलित परिवारलाई प्राथमिकतामा राखेर छानो हटाउने काम भइरहेको उनको भनाइ छ ।
नागरिकको सबैभन्दा सुरक्षित थलो आफ्नो घर भएकाले उनीहरुलाई सहज र सुरक्षित रुपमा बास बस्न सक्ने वातावरण निर्माणको लागि फुसको छानो हटाउने अभियान सञ्चालन गरेको गाउँपालिका अध्यक्ष किरण राईले बताए । केन्द्र सरकारबाट गाउँपालिकामा आउने फुसको छानो हटाउने कार्यक्रम कटौती भएकाले गाउँपालिकाले नीति तयार गरेर कार्यक्रम सञ्चालन गरेको उनको भनाइ छ ।
'नागरिकको सबैभन्दा सुरक्षित स्थान आफ्नो घर हो,' अध्यक्ष राईले भने, 'आर्थिक अवस्था कमजोर हुँदा कतिपय परिवार वर्षौंबाट चुहिने घरमा बस्दै आएका थिए । ती नागरिकहरुलाई स्थानीय सरकारको अभिभावकत्व प्रदान गर्न निःशुल्क जस्तापाताको छानो दिएका हौँ । नागरिकलाई सुरक्षित आवासको अनुभूति दिलाउने हाम्रो लक्ष्य हो ।'
आगलागीको जोखिम, मनसुनमा हुने चुहावटको समस्या र आगालागीका कारण बर्सेनि हुने धनजनको क्षति न्यूनीकरण गर्ने उद्देश्यले फुसको छानो हटाउने कार्यक्रम सञ्चालन गरिएको गाउँपालिकाका उपाध्यक्ष ज्योत्सना राईले बताए । यसले नागरिकमा एकरुपतासँगै फुसको छानोको कारण वनमा लागेको आगो बस्तीमा पस्दा हुने क्षति न्यूनीकरणमा सहयोग पुग्ने उनको भनाइ छ ।
अभियानअन्तर्गत वडा न १ श्याशिलाका १ सय ३१, वडा नं २ तिवारी भञ्याङका ७१, वडा नं ३ च्याङ्ग्रेका १ सय ६, वडा नं ४ बास्तिमका १ सय ४, वडा नं ५ सोनादुम्का १ सय ३२ र वडा नं ६ ठूलोदुम्माका १ सय ५५ परिवार गरी, ६ सय ९९ परिवारले जस्तापाताको छानो पाउनेछन् ।रासस

# 'मौरिस हर्जोग'का अस्थायी पुलमा आलोपालोको बाध्यता

**म्याग्दी ।**
अन्नपूर्ण गाउँपालिका–४ मा रहेको अन्नपूर्ण आधार शिविर जोड्ने 'मौरिस हर्जोग' पदमार्गमा व्यवस्थित झोलुङ्गे पुल नहुँदा आवत जावतमा समस्या भएको छ ।
नयाँ पर्यटकीय गन्तब्यको रुपमा विकास भएको पदमार्गको नारच्याङ–हुमखोला खण्डको कच्चि सडक र हुमखोला–आधारशिविर खण्डमा रहेका अस्थायी पुल (साँघु र फड्के) हरुको स्तरोन्नति गर्नुपर्ने भएको छ । पदयात्रीहरुको चाप बढेपछि अस्थायी पुलमा आलोपालो गरेर हिड्नुपर्ने अवस्था आएको मौरिस हर्जोग पदमार्गका अभियान्त तेज गुरुङले बताए ।
स्थानीय सिप र प्रविधिको प्रयोग गरेर निर्माण भएको अस्थायी पुललाई पर्यटकको चापसँगै स्तरोन्नति गर्नुपर्ने भएको उनले बताए । पुलमा काठको फल्याक बिछ्याइएको छ । लठ्ठाहरु हल्लिदाँ वारपार गर्न जोखिम भएको हो । भारी बोकेर पुल तर्न गाह्रे हुने गरेको छ । पुलको दायाँबाया जाली पनि छैन । कतिपय ठाउँमा काठका साँघुबाट खोला तर्नुपर्छ ।
हुमखोला, फुतफुते झरना, रेडवाटर फल, सुनखोला र पञ्चकुण्डमा रहेका काठे पुल परिवर्तन र स्तरोन्नति गर्नुपर्ने देखिएको हो । पञ्चकुण्ड तालको छेउबाट आधार शिविर जाने बाटोमा खोलामाथी राखिएको काठमा हिउँ जम्ने र चिप्लने समस्या छ ।
अन्नपूर्ण गाउँपालिकाले चालु आर्थिक वर्षमा पदमार्गको प्रवेशबिन्दुमा पर्ने हुमखोलामा ६० मिटर लामो झोलुङ्गे पुल निर्माणको तयारी गरेको जनाएको छ । गाउँपालिकाका सवइञ्जिनियर बालकृष्ण पौडेलले सामग्रीहरु खरिद भइसकेको पुल निर्माण गर्न उपभोक्ता समिति गठन र सम्झौतापछि काम अघि बढाउने बताए ।
फुतफुते झरनामा झोलुङ्गे पुल बनाउन विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पारिएको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताए । पृष्ठभूमिमा झरनाहरु अवलोकन गर्दै तस्विर, भिडियो खिच्ने ठाउँ समेत रहने गरेर पुल बनाउन डिजाइन गरिएको उनले बताए ।
अन्य ठाउँमा पुल बनाउनका लागि प्रदेश तथा संघीय सरकारसँग पहल गरेको गाउँपालिकाले जनाएको छ । हालै मौरिस हर्जोग पदमार्ग भएर अन्नपूर्ण आधार शिविरको भ्रमण गरेर आएका गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीले झोलुङ्गे पुल, खानेपानी, सञ्चार, विद्युत सुविधा विस्तार र पदमार्ग स्तरोन्नतिका लागि सरकारसँग पहल गर्ने प्रतिवद्धता जनाए ।
समुन्द्रि सतहदेखि चार हजार एक सय ५० मिटर उचाईमा रहेको अन्नपूर्ण आधार शिविरमा छोटो दुरिमा सहजै पदयात्रामा पुगिने भएकाले पर्यटकको रोजाईमा परेको छ ।
असोज र कात्तिक महिनामा करिब १५ हजार जनाले आधार शिविरको भ्रमण गरेका अन्नपूर्ण गाउँपालिका–४ का वडा अध्यक्ष लोकबहादुर पुनले बताए ।
नारच्याङदेखि हुमखोलासम्म २० किलोमिटर सडक र हुमखोलादेखि आधार शिविरसम्म आधारभूत स्तरको २२ किलोमिटर पदमार्ग तयार भएको छ । दुई दिनको पैदलयात्रामा पुगिने अन्नपूर्ण आधार शिविर पर्यटकका लागि 'भर्जिन' गन्तव्य भएको शेर्पा अल्पाइन ट्रेकीङका पथप्रर्दशक लाक्पा आङवु शेर्पाले बताए ।
अन्नपूर्ण र नीलगिरि हिमालको फेदीबाट बग्ने मिस्त्रीखोलाको किनारै किनार, अग्ला झरना, मनमोहक हिमशृंखला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै आधार शिविर पुग्न सकिन्छ । दुई दिनमा आधार शिविर पुग्न र तेस्रो दिन फर्कन सकिन्छ ।
नारच्याङका तेज गुरुङको अगुवाइमा विसं २०६८ मा अन्नपूर्ण हिमाल र आधार शिविर म्याग्दीमा पर्ने तथ्य तथा पदमार्ग पहिचान भएको थियो । सो पदमार्गलाई अन्नपूर्ण गाउँपालिकाले वि.स. २०७७ मा नक्साङ्कन र 'मौरिस हर्जोग' नामाकरण गरेको थियो ।
सन् १९५० जुन ३ मा फ्रान्सका मौरिस र लुईस लचेनलको टोलीले अन्नपूर्णको शिखर चुमेको तीन वर्षपछि सगरमाथाको सफल आरोहण भएको थियो । आठ हजार मिटरभन्दा अग्लो हिमालमा पहिलो मानव पाइला परेका कारण अन्नपूर्णलाई जेठो हिमाल भनिन्छ ।
वि.स. २०७७ मा भएको अन्नपूर्ण महोत्सव र गत जेठमा अन्नपूर्ण आरोहणको हिरक जयन्तिले पदमार्ग, हिमाल र आधार शिविरको प्रचार गर्न सहयोग पुगेको छ । पदमार्गको प्रवेशबिन्दुमा पर्ने नारच्याङमा सन् २०१२ आएका हर्जोगले आरोहणका समयमा प्रयोग गरेको बाटो र आधार शिविरको बारेमा जानकारी गराएपछि स्थानीयबासीहरुको टोलीले पदमार्गको खोज अनुसन्धान गरेको अगुवा गुरुङले बताए । रासस

# पुराना एम्बुलेन्स सञ्चालन रोक्दा अभाव हुने चिन्ता




**चितवन ।**
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले १० वर्षभन्दा पुराना एम्बुलेन्स सञ्चालन गर्न नपाइने जनाएपछि एम्बुलेन्स अभाव हुने चिन्ता गरिएको छ । हाल सञ्चालनमा रहेका एम्बुलेन्समध्ये ८० प्रतिशत १० वर्ष पुराना रहेकाले अभाव हुने चिन्ता गरिएको हो ।
संयुक्त एम्बुलेन्स चालक सङ्घका केन्द्रीय अध्यक्ष नवराज लामिछाने हाल सञ्चालनमा रहेका तीन हजार ३ सय एम्बुलेन्समध्ये करिब ८० प्रतिशत १० वर्ष पुराना रहेका जानकारी दिए । उनका अनुसार तीमध्ये १० हाराहारी क वर्गका, १ सय ५० हाराहारी ख वर्गका र बाँकी ग वर्गका एम्बुलेन्स छन् । ग वर्गका ८० प्रतिशतभन्दा बढी एम्बुलेन्स १० वर्ष पुराना रहेका उनले बताए ।
लामिछानेका अनुसार ग वर्षका ८० प्रतिशत हाराहारी एम्बुलेन्स नवीकरणसमेत हुन सकेका छैनन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सोमबार सूचना जारी गर्दै १० वर्षभन्दा पुराना एम्बुलेन्स सञ्चालन भएको पाइएमा सञ्चालन अनुमति दर्ता खारेज हुने व्यवस्था गरेको छ । यससँगै सङ्घले विज्ञप्ति जारी गरेर तत्काल एम्बुलेन्स रोकिएमा बिरामी बोक्न अभाव हुने जनाएको छ । साथै अधिकांश शववाहन १० वर्ष पुराना भएका भन्दै दैनिक २०–२५ वटा शव राजधानी बाहिर पठाउने गरेकामा समस्या हुने जनाएको छ ।
स्वास्थ्य ऐन, २०७५ ले स्वास्थ्य संस्थाबाहेक अन्यर्लाई एम्बुलेन्स खरिदको अनुमति नदिने उल्लेख गरेसँगै अभाव हुने भन्दै विज्ञप्तिमा एम्बुलेन्स सञ्चालनमा गैरसरकारी संस्था, सामुदायिक सङ्घ, सङ्गठन तथा सहकारीलाई समान अधिकार दिन माग गरिएको छ । एम्बुलेन्स क्षेत्रमा कुनै पनि किसिमको एकाधिकार लगाउन नहुने विज्ञप्तिमा जनाइएको छ ।
भूगोल, सडक अवस्था, आर्थिक पृष्ठभूमि र आम नागरिकको पहुँचलाई नहेरी गरिएको यस निर्णय व्यवहारिक, न्यायिक तथा मानवीय दृष्टिले अनुपयुक्त भएको भन्दै सङ्घले तत्काल पुनर्विचार र संशोधन गर्न माग गरेको छ । सङ्घले यसअघि यससँगै अन्य मागहरु राख्दै मन्त्री र राजनीतिक नेतृत्वलाई ध्यानाकर्षण गराएको थियो ।रासस

# पाशुपत क्षेत्रमा शतबीज छरियो



**काठमाडौँ ।**
मार्गशीर्ष कृष्ण चतुर्दशीका दिन बुधवार पितृमोक्षको कामनाका साथ पाशुपत क्षेत्रमा शतबीज छरिएको छ ।
बाला चतुर्दशीसमेत भनिने आज विधिपूर्वक शिवालय परिसर पशुपति क्षेत्रको मृगस्थलीमा शतबीज छरे दिवङ्गत पितृले मोक्ष पाउने जनविश्वास छ ।
'चर्तुवर्ग–चिन्तामणि'अनुसार धानका सय दाना छर्ने विधि भए पनि कतिपयले मकै, गहुँ, हलेदो, जौँ, कागुनोलगायत अन्न शतबीजका रूपमा छर्ने गरेका छन् ।
मार्गशीर्ष कृष्ण त्रयोदशीको राति दिवङ्गत पितृको सद्गतिको कामना गर्दै महादीपदान गरेर शतबीज छरी अन्न खानुपर्ने मान्यता छ । पशुपति क्षेत्रको मृगस्थली, विश्वरुप, आर्यघाट, रुद्रगाडेश्वर, किरातेश्वर, गौरीघाट, गुह्येश्वरी, नवबुद्ध, बहिरो गणेशलगायत क्षेत्रमा शतबीज छर्नेको घुइँचो छ । आज पाशुपत क्षेत्रमा आउनेले वासुकी र गुह्येश्वरीमा पनि विशेष पूजा गर्ने प्रचलन छ ।
पाशुपत क्षेत्रका साथै काठमाडौँ उपत्यकाका गोकर्णेश्वर, डोलेश्वर, वसन्तपुरस्थित हनुमानढोका दरबार मक्खन महादेवस्थानमा पनि शतबीज छरिएको छ । रासस

# नेपाल र विश्वभरका गुरुङ समुदायको उत्थानः सफलताको उपाय पुस्तक सार्वजनिक

**काठमाडौँ ।**
गैरआवासीय नेपाली सङ्घ, अष्ट्रेलियाका पूर्वअध्यक्ष नन्द गुरुङद्वारा लिखित 'नेपाल र विश्वभरका गुरुङ समुदायको उत्थानः सफलताको उपाय' नामक पुस्तक सार्वजनिक भएको छ ।
अष्ट्रेलियाका लागि नेपाली राजदूत चित्रलेखा यादव, न्यु साउथ वेल्सका वाणिज्य वाणिज्यदूत सञ्जीव शर्मा, वर्डलाइफ इन्टरनेसनल एसियाको वरिष्ठ प्रबन्धक डा हुमबहादुर गुरुङ र लेखक गुरुङले सिड्नीमा आयोजित कार्यक्रममा संयुक्त रुपमा पुस्तक सार्वजनिक गरेका हुन् ।
लमजुङबाट काठमाडौँ आएर उच्च शिक्षा हासिल गरी तीन दशकदेखि अष्ट्रेलियामा सफलताको यात्रामा अहोरात्र खटिरहेका सफल व्यवासायी एवम् समाजसेवी गुरुङले आफ्नो जीवनमा भोगेका अनुभव, सिकाइ, सफलतालगायतका विषयलाई समेटेर तयार गरेको पुस्तक विशेष गरी युवाका लागि प्रेरणाको स्रोत बन्ने विश्वास व्यक्त गरे ।
लेखक गुरुङका अनुसार गुरुङ समुदायको लाहुरे जीवन, सङ्घर्ष तथा सफलताका लागि नेतृत्व एवम् कार्यक्षमता, पेसा व्यवसायप्रतिको समपर्ण, आत्मविश्वास, स्वाभिमान, समाजसेवाप्रतिको लगाव, नेपाल र नेपालीप्रतिको प्रेम, गुरुङ समुदायको चिनारी र गौरवलगायतका विषयवस्तुलाई पुस्तकमा समेट्न प्रयास गरिएको छ ।
पुस्तक लोकापर्ण समारोहमा वक्ताहरूले देश तथा विदेशमा समेत इमानदार, जुझारु, स्वाभिमानी र सङ्घर्षशील छवि बनाउन सफल गुरुङ समुदायका युवा–युवतीलाई लाहुरे बन्ने मोहबाट मुक्त गराउन उचित शिक्षादीक्षासहित सीपमूलक तालिमको व्यवस्था गरी स्वदेशमै प्रहरी, सेनालगायतका सुरक्षा संयन्त्रमा प्राथमिकता दिन, उद्यमशील बनाउन र मातृभूमिमै गरिखाने वातावरण निर्माण गर्न नेपाल सरकारसँग अनुरोध गरे ।
यसैगरी विश्वव्यापीकरणको अवधारणा र सूचना प्रविधिको विकाससँगै समग्र विश्व नै एक गाउँमा रुपान्तरण भएको विद्यमान परिवेशमा विश्वभर नेपाललाई चिनाउन र इज्जत–प्रतिष्ठा अभिवृद्धि गर्न, सिकेका ज्ञान–अनुभव र आर्जन गरेका सम्पत्तिसमेत स्वदेशमा भित्र्याउन महत्वपूर्ण भूमिका रहेको गैरआवासीय एवम् प्रवासी नेपालीको हक, हित र अधिकारका पक्षमा नीति तथा कार्यक्रम बनाउन वक्ताहरूले सरकारको ध्यानाकर्षण गरे ।रासस

जि.प्र.का. पर्सा दर्ता नं. ३११-०७९/८०
जि.हु.का. पर्सा दर्ता नं. १९८-०८०/८१

# जनकपुरधाममा विवाहपञ्चमीको उल्लास शुरु








**मधेशदृष्टि**
**जनकपुरधाम।**
त्रेता युगमा भएको भगवान रामसीताको विवाहको सम्झनामा जनकपुरधाममा मनाइने विवाहपञ्चमी महोत्सवको उल्लास शुरु भएको छ । सातदिने विवाहपञ्चमी महोत्सव विहीबारदेखि शुरु हुँदैछ । त्यसअगाडि नै जनकपुरधाममा विवाहपञ्चमी महोत्सवको उल्लास शुरु भएको हो । जानकी मन्दिरमा हरेक साँझ मंगलगान शुरु हुने गरेको छ । साँझ रामसीताको झाँकी राखेर विवाहको गीतमा श्रद्धालु रमाउने गरेका छन्।

विवाहपञ्चमी महोत्सवको सम्पूर्ण तयारी पूरा भएको छ । जानकी मन्दिरमा आयोजना गरिने विभिन्न कार्यक्रमका लागि भव्य पाण्डाल निर्माण गरिएको छ भने जानकी मन्दिरलाई रंगिचंगी बिजुली बत्तीले सजाउने कार्य भइरहेका छन्।

जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दासले विवाहपञ्चमी महोत्सवलाई सजाउन आवश्यक तयारी भइरहेको जानकारी दिए। उनले विवाहपञ्चमी महोत्सवका लागि आयोजना गरिने विभिन्न कार्यक्रमका लागि पाण्डाल निर्माण गरिने र त्यहाँ रामकथा र रामलीला गरिने जानकारी दिए । उनले भने, 'विगतमा विवाहपञ्चमी महोत्सवमा प्रदेश सरकारले र स्थानीय सरकारले सहयोग गर्दै आए पनि अहिलेसम्म उनीहरुको सक्रियता देखिएको छैन, मन्दिरले नै आफ्नो क्षमताले महोत्सव मनाउने तयारी छ।'

सीताराम विवाहपञ्चमी महोत्सव जनकपुरधाममा भव्यरुपमा मनाउने गरिन्छ। साताभरि महोत्सव अन्तगत विभिन्न कार्यक्रम गरिन्छ । बिहीबार नगर दर्शन, शुक्रबार रामसीता फुलवारी लीला, शनिबार धनुषयज्ञ, आइतबार रामसीता तिलोत्सव, सोमबार जानकी मटकोर, मंगलबार विवाहपञ्चमी र बुधबार आएका जन्तीहरुको बिदाई गरेर महोत्सव सकिने छ।

### नीतीश कुमार पुनः

## एनडीए विधायक दलका नेता चयन



**मधेशदृष्टि**
**पटना, भारत ।**
बिहारमा बुधबार बसेको एनडीए विधायक दलको बैठकले नीतीश कुमारलाई सर्वसम्मत रूपमा पुनः आफ्नो नेता चयन गरेको छ । यससँगै राज्यमा नयाँ सरकार गठनको प्रक्रिया औपचारिकरूपमा अघि बढेको छ ।

सरकार गठनको शपथ–ग्रहण समारोह बिहीबार ४ गते अर्थात २० नोभेम्बर, दिउँसो ११:३० बजे, पटनास्थित गान्धी मैदानमा हुने भएको छ । समारोह भव्य र उच्च तहका विशिष्ट व्यक्तिको उपस्थिति रहनेछ । शपथ–ग्रहणमा प्रधानमन्त्री नरेन्द्र मोदी प्रमुख अतिथिका रूपमा सहभागी हुनेछन् । उनीसँगै केन्द्रीय गृहमन्त्री अमित शाह, रक्षा मन्त्री राजनाथ सिंहलगायत शीर्ष संघीय नेताको पनि सहभागिता रहने कार्यक्रम रहेको भारतीय सञ्चारमाध्यमले जनाएका छन् ।

यसैगरी, शपथ समारोहमा बीजेपी शासन रहेको सबै राज्यका मुख्यमन्त्री तथा उपमुख्यमन्त्रीसमेत उपस्थित हुने तय गरिएको छ । यसलाई बिहारमा नयाँ एनडीए सरकार गठनको शक्ति–प्रदर्शनका रूपमा हेरिएको छ ।

नीतीश कुमारको नेतृत्वमा बन्न लागेको नयाँ सरकारले आगामी दिनमा कस्तो नीति तथा प्राथमिकता अगाडि सार्नेछ भन्ने विषयमा सबैको चासो केन्द्रित भएको छ ।

## करिब ३७ लाखका गहनासहित चार पक्राउ



**मधेशदृष्टि**
**वीरगंज।**
जिल्ला प्रहरी कार्यालय पर्साले करिब ३६ लाख ७० हजार रुपैयाँ बराबरका चोरीका गरगहनासहित चार जनालाई पक्राउ गरेको छ।

विशेष सूचनाका आधारमा मंसिर २ गते प्रहरी टोलीले वीरगंज–३२ जीतपुर क्षेत्रमा भारतीय नम्बरको स्कुटी रोकेर चेकजाँच गर्दा सुनचाँदी जस्तो देखिने गरगहना फेला परेको थियो।

स्कुटी चालक विजय राय र पछाडि सवार शेख बुनादलाई नियन्त्रणमा लिएपछि थप अनुसन्धानका क्रममा टेढा मुसहर टोलमा बस्ने विध्या कुमार नटको घरमा स्थानीय जनप्रतिनिधि तथा भद्रभलाद्मीको रोहबरमा खानतलासी गर्दै ठूलो परिमाणका गरगहना बरामद गरिएको प्रहरीले जनाएको छ।

बरामद सामग्रीमा सुनजस्तो देखिने सिक्री, झुम्का, नथिया, पोते जडित माला, औंठी, लकेट, चाँदीका वाला, पाउजो, सिक्का, बिछिया, हथशंकर, एक थान सुन–चाँदी तौल गर्ने तराजु, नेपाली ३ लाख ७९ हजार रुपैयाँ र भारतीय ९ हजार २ सय रुपैयाँ नगदसमेत छ।

प्रहरीले विजय राय, शेख बुनाद, बिनोद राउत र विध्या कुमार नटविरुद्ध चोरी तथा डाँका सम्बन्धी कसुरमा पर्सा जिल्ला अदालतबाट ५ दिन म्याद थप अनुमति लिएर थप अनुसन्धान जारी राखेको जनाएको छ।

प्रहरी नायब उपरीक्षक तथा सूचना अधिकारी हरिबहादुर बस्नेतका अनुसार घटनामा अन्य व्यक्ति पनि संलग्न हुनसक्ने आशंकामा अनुसन्धान भइरहेको छ।

# बलिङ चम्किदा सुदूरपश्चिमले काठमाण्डुलाई हरायो



**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाल प्रिमियर लिग (एनपिएल) सिजन–२ मा सुदूरपश्चिम रोयल्सले काठमाण्डु गोर्खाजलाई २९ रनले पराजित गरेको छ । टियु क्रिकेट मैदानमा सुदूरपश्चिमले दिएको १ सय ४८ रनको लक्ष्य पछ्याएको काठमाण्डु १६ ओभर ५ बलमा १ सय १८ रनमा समेटियो ।

काठमाण्डुका लागि ओपनर आकाश त्रिपाठीले सर्वाधिक ३४ रन बनाए पनि जितका लागि पर्याप्त हुन सकेन । जोन सिमप्सोन २४, मिलिन्द कुमार ११ र सन्नी पटेलले १० रनको योगदान दिँदा अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् र बलिङमा सुदूरपश्चिमका स्कट कुइगेलेइन, हेमन्त धामी, र हर्मित सिंहले दुईदुई तथा इसान पाण्डे, अभिनास बोहरा र नरेन साउदले एकएक विकेट लिए ।

त्यसअघि टियु क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङ गरेको सुदूरपश्चिमले निर्धारित २० ओभरमा सबै विकेट गुमाउँदै १ सय ४७ रन बनाएको थियो । सुदूरपश्चिमका लागि हर्मित सिंहले आक्रामक अर्धशतक प्रहार गरे । उनले २० बलमा ५३ रन बनाए । कप्तान दीपेन्द्रसिंह ऐरी ३५, आरिफ शेख २५, इसान पाण्डेले ११ रन बनाउदा अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

बलिङमा काठमाण्डुका कप्तान करण केसीले सर्वाधिक ४ विकेट लिए । ४ ओभर बलिङ गरेका करणले ३० रन खर्चेर ४ विकेट लिए । पहिलो ओभरमा २ विकेट लिँदै करणले सुदूरपश्चिमलाई दबाबमा राखेका थिए । मिनिन्द कुमार, सन्नी पटेल र रसिद खानले दुइ–दुई विकेट लिए ।

खेलाडीलाई आर्थिक प्रलोभन देखाउने दुईजना पक्राउ

नेपाल प्रिमियर लिग (एनपिएल) मा खेलाडीलाई आर्थिक प्रलोभनमा पारेर फिक्सिङ गर्न खोजिएको खुलासा भएको छ । यस्तो कार्यमा संलग्न एक भारतीय सहित दुईजना पक्राउ परेका छन् ।

प्रहरीका अनुसार खेलाडीहरुलाई स्पोन्सर गर्छौं भन्दै ह्वाट्सएप र इन्स्टाग्राममार्फत सम्पर्क गरिएको थियो । उनीहरुले खेलाडीलाई हारजितमा प्रभाव पार्न आर्थिक प्रलोभन देखाएको सूचना प्रहरीले पाएपछि काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको टोलीले दुईजनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा भारतको हरियाणा रानीमहल पानीपत बस्ने २८ वर्षिय दिलप्रित सिंह छन् । यस्तै बर्दिया जिल्ला बारबर्दिया ८ घरभई हाल भारतको चण्डिगढ बस्ने रविका सिंह ठकुरी पक्राउ परेकी छन् । उनीहरुलाई जिल्ला प्रहरी परिसर भद्रकालीमा राखिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन